# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः <u>लेखापरीक्षण प्रतिवेदन</u> ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्या: २०७५।७६

च. नं.

मिति: २०७५।१२।१२

श्री प्रमुखज्यू,
शुक्लाफाँटा नगरपालिका,
झलारी, कञ्चनपुर ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

यस कार्यालयबाट शुक्लाफाँटा नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरणउपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरुउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५, महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शन र अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.६ करोड ५४ लाख २४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३९ लाख ५३ हजार, नियमित गर्नुपर्ने रु.९३ लाख ४५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२८ लाख २१ हजार र पेश्की रु.४ करोड ९३ लाख ५ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।१०।१ मा लेखापरीक्षण प्रतिवेदन जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियासहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना २० यसैसाथ संलग्न छ ।

**कैफियतसहितको लेखापरीक्षण राय** - कैफियतसहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरुबाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन, आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# शुक्लाफाँटा नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।७५

**परिचय :–** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न शुक्लाफाँटा नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । सुरपश्चिम प्रदेशको कञ्चनपुर जिल्लामा रहेको नगरपालिकाको वडा संख्या १२ र क्षेत्रफल १६२.५७ वर्ग किलोमिटर तथा जनसंख्या ४६ हजार ७७६ रहेको छ ।

**स्थानीय सञ्चित कोष :–** आर्थिक वर्ष २०७४।७५ को स्थानीय सञ्चित कोषको आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | **२२५१२४२२.३७** | १ | **चालु खर्च** | **२२९२८०१९०.९१** |
| | क) नगद | १६१०५६.३६ | २ | **पूँजीगत खर्च** | **२१००२५९१५.४०** |
| | ख) बैंक | २२३५१३६६.०१ | | **वित्तीय व्यवस्था भुक्तानी** | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | **९२९३१३७.५३** | ३ | क) ऋण भुक्तानी | ० |
| | क) आन्तरिक राजस्व | ८९८९९२९.५३ | | ख) ब्याज भुक्तानी | ० |
| | ख) राजस्व बाँडफाँड | ० | | ग) अन्य भुक्तानी | ० |
| | ग) अन्य आय | ३०३२०८.०० | | **लगानी** | ० |
| ३ | **वित्तीय हस्तान्तरण** | **४४१०७४८६४.८३** | ४ | ऋण लगानी | ० |
| | क) वित्तीय समानीकरण अनुदान | २४७७७३७५५.०० | | शेयर लगानी | ० |
| | ख) सशर्त अनुदान | १०७६६२९६१.८३ | | अन्य लगानी | ० |
| | ग) समपूरक अनुदान | ० | ५ | **धरौटी फिर्ता** | **७५८१९८.००** |
| | घ) विशेष अनुदान | ८५६३८१४८.०० | ६ | **कोष खर्च** | ० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | **३२८०००.००** | | | ० |
| | क) वित्तीय समानीकरण अनुदान | ० | | | ० |
| | ख) सशर्त अनुदान | ३२८०००.०० | | | ० |
| | ग) समपूरक अनुदान | ० | ७ | **विषयगत कार्यालय खर्च** | ० |
| | घ) विशेष अनुदान | ० | | **मौज्दात** | **३७६३९४४३.७९** |
| ५ | **विभिन्न कोषतर्फको आय** | ० | ८ | क) नगद मौज्दात | १८०५६९.३५ |
| ६ | **विषयगत निकायबाट प्राप्त रकम** | ० | | ख) बैंक मौज्दात | ३७४५८८७४.४४ |
| ७ | **धरौटी आय** | **४४९५३२३.३७** | | | ० |
| | **जम्मा** | ४७७७०३७४८.१० | | **जम्मा** | ४७७७०३७४८.१० |

राजस्वतर्फ :

| क्र.सं. | शीर्षक नं. | लगत हसबली समेत | असुली | दाखिला | बाँकी | |
|---|---|---|---|---|---|---|
| | | | | | नगद | लगत |
| १. | १५११२ | ५,८३,३००/- | ५,८३,३००/- | ५,८३,३००/- | - | - |
| | **जम्मा** | ५,८३,३००/- | ५,८३,३००/- | ५,८३,३००/- | - | - |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

१. **शीर्षकगत आर्थिक विवरण :–** प्रत्येक कार्यक्रम र शीर्षकअनुसारको आर्थिक विवरण तयार गरी सो अनुसारको खर्चलाई एकीकृत गरी एकमुष्ठ एकीकृत आर्थिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले शिक्षा, स्वास्थ्य, आर्युर्वेद, महिला, कृषि, पशु सेवा, र अन्य शीर्षकको विनियोजित बजेट, निकासा तथा खर्चको श्रेस्ता तथा आर्थिक विवरण छुट्टा छुट्टै तयार गर्नुपर्नेमा सम्पूर्ण खर्चको श्रेस्ता एकमुष्ठरुपमा राखेको पाईयो । कार्यक्रमअनुसारको श्रेस्ता नराखेकोले छुट्याएको शीर्षकमा खर्च भएको नभएको यकिन गर्ने आधार भएन । विनियोजित बजेट, निकासा तथा खर्चको श्रेस्ता तथा आर्थिक विवरण छुट्टा छुट्टै तयार गरी एकीकृत आय विवरण तयार गर्नुपर्दछ ।

२. **खर्च गर्ने अख्तियारी र कार्यविधि :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकीय अधिकृतले १५ दिनभित्र वडा सचिवलाई कार्यक्रम र बजेटसहित प्रचलित कानूनबमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको नदेखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को पालना गर्नुपर्दछ ।

३. **आर्थिक विवरण :–** नगरपालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण तोकिएबमोजिम दोहोरो श्रेस्ता प्रणालीको प्रोदभावी (एक्रुअल) सिद्धान्तमा आधारित लेखा राख्नुपर्ने व्यवस्था छ । सोअनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति नदेखाउने भएकोले भने शीर्षकगत खर्चको स्थितिसमेत मुल्यांकन गर्न सकिने अवस्था रहेको छैन ।

४. **कार्यक्रमगत खर्च खाता :–** स्वीकृत वार्षिक कार्यक्रमअनुसार कार्यालयद्वारा सञ्चालन गरिने विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दा कार्यक्रमगत खर्च खाता राख्नुपर्नेमा सो राखेको देखिएन । कार्यक्रमगत खाता राख्दा कार्यक्रमको प्रभावकारिता र उपलब्धि मापनसमेत सजिलै यकिन हुने हुँदा उक्त खाता राखी खर्च लेख्नु पर्दछ ।

५. **बजेट पेश गर्ने तथा पारित गर्ने :–** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने, आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिमसम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारित गर्नुपर्ने व्यवस्था छ । कार्यालयको नीति, कार्यक्रम, वार्षिक योजना तथा बजेट २०७४।४।३२ गते पारित भएको पाईयो । ऐनले तोकेअनुसार नीति, कार्यक्रम, वार्षिक योजना तथा बजेट पारित गर्नुपर्दछ ।

६. **बजेट अवण्डा राखेको** :– स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३ मा स्थानीय निकायको परिषद्बाट आयोजनागत रुपमा बजेट बाँडफाँड नगरी अवण्डाको रुपमा एकमुष्ट राख्न नपाइनेमा कार्यालयले परिषद्बाट २०७४।७५ को लागि स्वीकृत बजेट तथा कार्यक्रममा आयोजनागत बजेट बाँडफाँड नगरी १२ वटा वडाहरुमा सञ्चालन हुने कार्यक्रमका लागि एकमुष्ठ रु. ५ करोड ३१ लाख ३८ हजार बजेट व्यवस्था गरेको छ । परिषद्बाट योजनागत बजेट तयार नगरी पछि बजेट बाँडफाँड गर्दा मागमा आधारित योजनामा खर्च नभई स्वविवेकीय आधारमा योजना छनौट हुने हुँदा आयोजनागत बजेट बाँडफाँड गर्नुपर्दछ ।

| सि. नं. | कार्यक्रम वा आयोजना | अवण्डा रकम |
|---|---|---|
| १ | नगरपालिकाका विभिन्न वडाका सडकहरुमा ग्राभेल | ४,००,०००।०० |
| २. | न. पा. को वडा कार्यालय भवन निर्माण ( कुनै २ वडा कार्यालय ) | १,००,००,०००।०० |
| ३. | सौर्य बत्ती जडान | १०,००,०००।०० |
| ४. | सार्वजनिक प्रतिक्षालय र शौचालयहरुको स्तरोन्नती | ५,००,०००।०० |
| ५. | समपुरक कोष वित्तिय समानिकरण अनुदान | ६६,७०,०००।०० |
| ६. | समपुरक कोष आन्तरिक कोष तथा राजस्व बाँडफाँड | ४४,८०,०००।०० |
| ७. | आ. व. २०७३।७४ को नगर परिषदबाट पारित योजना | १,८१,६५,०००।०० |
| ८. | नगरपालिकाको वार्ड नं. १ देखि १२ सम्मका विभिन्न शाखा सडकहरु मर्मत र अन्य आवश्यक कार्यक्रम | ७९,२३,०००।०० |
| ९. | पशु चौपाया नियन्त्रण सम्वन्धी कार्यक्रम | ४०,००,०००।०० |
| | **जम्मा** | **५,३१,३८,०००/-** |

७. **आर्थिक सहायता दिएको :–** महालेखा नियन्त्रकको कार्यालयले जारी गरेको एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या निर्देशिका, २०७४ मा आर्थिक सहायता दिन नपाउने व्यवस्था गरेको छ । नगरपालिकाले वित्तीय समानीकरण अनुदानबाट विभिन्न व्यक्ति तथा संस्थालाई रु. ११ लाख ३७ हजार ३ सय आर्थिक सहायता दिएको छ । वित्तीय समानीकरण अनुदानबाट आर्थिक सहायता दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

८. **योजना तथा कार्यक्रम तर्जुमा :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकता, क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था गर्नुपर्ने र योजना छनौटका ७ चरणलाई अनुशरण गरी माग भई आएका योजनामा खर्च गर्नुपर्दछ । यस आर्थिक वर्ष २०७४।७५ मा परिषद्बाट योजना तथा आयोजनागत रुपमा बजेट बाँडफाँड नगरी वडा कार्यालयगत निम्नानुसार बजेट बाँडफाँड गरेको छ । नियममा तोकेएबमोजिम योजना तथा आयोजनागतरुपमा बजेट बाँडफाँड गर्नुपर्दछ ।

| सि. नं. | विवरण | बाँडफाँड गरेको रकम |
|---|---|---|
| १ | शुक्लाफाँटा नगरपालिका वार्ड नं. १ का सार्वजनिक निर्माणका योजना तथा कार्यक्रम | ९५,००,०००/- |
| २ | शुक्लाफाँटा नगरपालिका वार्ड नं. २ का सार्वजनिक निर्माणका योजना तथा कार्यक्रम | ८०,००,०००/- |
| ३ | शुक्लाफाँटा नगरपालिका वार्ड नं. ३ का सार्वजनिक निर्माणका योजना तथा कार्यक्रम | ८०,००,०००/- |
| ४ | शुक्लाफाँटा नगरपालिका वार्ड नं. ४ का सार्वजनिक निर्माणका योजना तथा कार्यक्रम | ८०,००,०००/- |
| ५ | शुक्लाफाँटा नगरपालिका वार्ड नं. ५ का सार्वजनिक निर्माणका योजना तथा कार्यक्रम | ९५,००,०००/- |
| ६ | शुक्लाफाँटा नगरपालिका वार्ड नं. ६ का सार्वजनिक निर्माणका योजना तथा कार्यक्रम | ८०,००,०००/- |
| ७ | शुक्लाफाँटा नगरपालिका वार्ड नं. ७ का सार्वजनिक निर्माणका योजना तथा कार्यक्रम | ९५,००,०००/- |
| ८ | शुक्लाफाँटा नगरपालिका वार्ड नं. ८ का सार्वजनिक निर्माणका योजना तथा कार्यक्रम | ९५,००,०००/- |
| ९ | शुक्लाफाँटा नगरपालिका वार्ड नं. ९ का सार्वजनिक निर्माणका योजना तथा कार्यक्रम | ८०,००,०००/- |
| १० | शुक्लाफाँटा नगरपालिका वार्ड नं. १० का सार्वजनिक निर्माणका योजना तथा कार्यक्रम | ८०,००,०००/- |
| ११ | शुक्लाफाँटा नगरपालिका वार्ड नं. ११ का सार्वजनिक निर्माणका योजना तथा कार्यक्रम | ९५,००,०००/- |
| १२ | शुक्लाफाँटा नगरपालिका वार्ड नं. १२ का सार्वजनिक निर्माणका योजना तथा कार्यक्रम | ९५,००,०००/- |
| | **जम्मा** | **१०,५०,००,०००/-** |

९. **बढी खर्च :–** वडा नं. ७ को लागि परिषदबाट रु. ९५,००,०००।०० बजेट विनियोजन गरेकोमा यो वर्ष रु. १,१९,५६,५८१।०० खर्च गरी भुक्तानी गरेको छ । विनियोजित बजेटभन्दा बढी रु. २४,५६,५८१।०० खर्च गर्नु भनेको अन्य क्षेत्रको लागि तोकिएका योजना सञ्चालन नहुनु हो । विनियोजित बजेटभन्दा बढी भएको खर्च अनियमित देखिएको छ । २४,५६,५८१।००

१०. **योजना खण्डीकरण :–** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३ मा स्थानीय निकायको परिषद्बाट आयोजनागत रुपमा बजेट बाँडफाँड नगरी अवण्डाको रुपमा एकमुष्ट राख्न नपाइने व्यवस्था छ । योजनाको प्राथमिकता तथा योजना छनौटका ७ चरणलाई अनुशरण नगर्दा माग भई आएका योजनामा लगानी अपुग हुने अवस्था सिर्जना हुन्छ । एकमुष्ट बजेट राख्ने तथा नगर कार्यपालिकाको पटके निर्णयका आधारमा योजना बाँडफाँड गर्ने कार्य अन्त्य गर्नुपर्दछ ।

| सि. नं. | परिषदबाट पारित हुँदाको योजना | रकम | पछि निर्णय गरेको योजना | रकम |
|---|---|---|---|---|
| १ | नगरपालिकाको भवन निर्माणको लागी विनियोजित | ७५,००,०००/- | **(क)** मिति २०७४।१२।९ को निर्णय अनुसार वडा नं. १० मा रहेको नयाँ भवनमा शौचालय निर्माण गर्ने कार्यकोलागि रु. १५,००,०००।०० बाँडफाँड गरेको रु. | १५,००,०००/- |
| | | | **(ख)** मिति २०७४।१२।९ को निर्णय अनुसार वडा नं. ७ को भवन निर्माणका लागि रु. ६०,००,०००।०० बाँडफाँड गरेको रु. | ६०,००,०००/- |
| २ | वडा नं. ६ र १० वाट योजना परिवर्तनका लागी सिफारिस भई आएकोले माँग भए अनुसार योजना परिवर्तनको लागी स्वीकृति प्रदान गर्ने मिति २०७४।१२।२४ मा निर्णय भएकोमा कुन कुन योजनालाई स्वीकृति दिएको हो सो को विवरण र रकम उल्लेख नभएको । | | | |
| ३ | वडा नं. ८, ११, ३ र १ वाट योजना परिवर्तनका लागी सिफारिस भई आएकोले माँग भए अनुसार योजना परिवर्तनको लागी स्वीकृति प्रदान गर्ने मिति २०७४।१२।२४ मा निर्णय भएकोमा कुन कुन योजनालाई स्वीकृति दिएको हो सो को विवरण र रकम उल्लेख नभएको । | | | |
| ४ | मिति २०७४।१२।९ को निर्णय अनुसार वडा नं. ७ को भवन निर्माणका लागि रु. ६०,००,०००।०० बाँडफाँड गरेको मध्ये वचत रहेको रु. | ४३,७७,५३३/- | मिति २०७५।३।१ को निर्णय अनुसार वार्ड नं. ७ का विभिन्न ४ वटा सडकहरुमा ग्राभेल गर्ने कार्यका लागी वाँडफाँट गरेको रु. | ४३,७७,५३३/- |

| | | | | |
|---|---|---|---|---|
| ५ | समपुरक कोषमा राखेको रकम रु. ६६,७०,०००।०० मध्ये रु. | ११,३०,०००/- | मिति २०७५।३।१९ को निर्णय अनुसार ४ वटा स्वास्थ्य संस्थाहरुलाई सञ्चालन अनुदानको लागि बाँडफाँड गरेको रु. | ११,३०,०००/- |
| | | | **जम्मा** | **१,३०,०७,५३३/-** |

११. **योजना छनौट :–** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा नं. ११(२)मा  आर्थिक, सामाजिक एवम् भौतिक पूर्वाधार विकास अन्तर्गत विनियोजन भएको रकमबाट नगरपालिकाले पाँच लाखभन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नसक्ने व्यवस्था गरेको छ । कार्यालयले यस आर्थिक वर्ष २०७४।७५ मा उपरोक्त अनुसारका योजना छनौट तथा कार्यान्वयन गरेको देखिएन । कार्यविधिको पालना गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्दछ । कार्यविधिको पालना नगरी योजना छनौट तथा कार्यान्वयन गरेका केही उदाहरणहरु निम्न अनुसार छन्:

| सि. नं. | योजनाको नाम | विनियोजित रकम |
|---|---|---|
| १. | भीमदत्त पन्त प्रतिष्ठान निर्माण | १,००,०००/- |
| २. | नगरपालिका भित्र विभिन्न वार्डमा आवश्यक ह्युमपाईप खरिद | २,००,०००/- |
| ३. | नगर प्रोफाईल निर्माण | १,५०,०००/- |
| ४. | भीमदत्त नगरमा दलित छात्रावास निर्माण | १,००,०००/- |
| ५. | राजु सिंहको घर देखि दक्षिण सडक ग्राभेल | ५०,०००/- |
| ६. | शिव गोरक्ष मन्दिरमा खानेपानी | २५,०००/- |
| ७. | रानीपुर मेन सडकवाट अशोक चन्दको घरसम्म ग्राभेल | ५०,०००/- |
| ८. | मुल सडक देखि नर सिंह ऐरको घर हुँदै जाने सडक ग्राभेल | ५०,०००/- |
| ९. | सामुदायिक सेवा केन्द्र सञ्चालन | १५,०००/- |
| १०. | चौधरी कला संस्कृति जर्गेना कार्यक्रम | ५,०००/- |
| ११. | वन समिति थारु टोलमा सिंचाइ योजना | ३०,०००/- |
| १२. | झलारी स्वास्थ्य चौकी ल्याव सञ्चालन भवन निर्माण | ५०,०००/- |
| १३. | गौरेखालो फुलेलीमा तारवार | ३०,०००/- |
| १४. | रण बहादुर चन्दको पसल देखि नरि चन्दको घरसम्म माटो भरान र ग्राभेल | ५०,०००/- |
| १५. | मुक्तिटोल देउथुनिया निर्माण | ५०,०००/- |
| १६. | कलुवापुर ढक्कन प्रधानको घर देखि पूर्व बेलौरी राजमार्ग जोड्ने बाटोमा ग्राभेल र ह्युमपाईप | ५०,०००/- |
| १७. | घटालबाबा बैजनाथ मन्दिरमा आश्रम निर्माण | ५०,०००/- |

१२. **अनियमित :–** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३ मा पूँजीगत रकमवाट चालु प्रकृतिका खर्च तलव, भत्ता, बैठक भत्ता, सवारी साधन मर्मत सम्भार र ईन्धन खर्च, कुनै किसिमको चन्दा पुरस्कार दिन नपाइने व्यवस्था छ । पूँजी निर्माण हुने र विकास निर्माणको कार्यमामात्र खर्च गर्नुपर्नेमा परिषदले नियम विपरित चालु प्रकृतिका कार्यमा रु. ८ लाख ११ हजार ७ सय वजेट विनियोजन गरी खर्च लेखेको नियमसम्मत देखिएन । ११,८६,७००।००

| सि. नं. | कार्यक्रमको नाम | रकम |
|---|---|---|
| १. | सुनौला उपभोक्ता महिला समूह तिज विशेष कार्यक्रम | १२,०००/- |
| २. | न्यू राईजिङ्ग यूवा क्लव देउडा गीत प्रतियोगिता | २५,०००/- |
| ३. | पार्वती महिला समूह तिज विशेष कार्यक्रम | ५५,०००/- |
| ४. | शिव पार्वती महिला समूह तिज विशेष कार्यक्रम | १७,०००/- |
| ५. | शुक्ला यूवा समाज देउडा गीत प्रतियोगिता | २०,०००/- |
| ६. | वडा अध्यक्ष जगत बहादुर सिंह वार्ड नं. ७ खेलकुद प्रतियोगिता संचालन खर्च | ३५,०००/- |
| ७. | वडा अध्यक्ष नरेन्द्र प्रसाद चौधरी वार्ड नं. ३ खेलकुद प्रतियोगिता संचालन खर्च | ७२,७००/- |
| ८. | वडा सचिव हेमराज अवस्थी वार्ड नं. ४ खेलकुद प्रतियोगिता संचालन खर्च | ३०,०००/- |
| ९. | अशिग्राम मा. वि., सिसैयामा संचालन हुने श्रीमद् भागवत महायज्ञको लागी आर्थिक सहायता | ४०,०००/- |
| १०. | रामसिता महिला समूह तिज विशेष कार्यक्रम | २०,०००/- |
| ११. | वार्ड नं. ५ मा छात्रवृति रकम वितरण | ३५,०००/- |
| १२. | विजया दशमी तथा शुभ दिपावलीको शुभ कामना आदान प्रदान कार्यक्रम | ३,००,०००/- |
| १३. | महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई खोप, भिटामिन लगायत अन्य कार्यमा सहयोग गरे वापत खाजा खर्च | १,५०,०००/- |
| १४. | बालवबलिकाको लागी पुस्तक, पोशाक, शैक्षिक सामाग्री वितरण | ३,७५,०००/- |
| | **जम्मा** | **११,८६,७००/-** |

१३. **ऐन नियम परिपालना तथा आन्तरिक नियन्त्रण पद्धति :–** सञ्चित कोष वा सरकारी कोषको सञ्चालन, बजेट तर्जुमा निकासा तथा खर्च गर्ने लेखा राख्ने, आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउने, लेखापरीक्षण बेरुजु फछ्र्यौट तथा असुल तहसिल गर्ने गराउने आदि आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित रुपमा सञ्चालन गर्न गराउन आर्थिक कार्यविधि ऐन नियमको पूर्णरुपमा परिपालना हुनुपर्दछ । कार्यालयले सोको पूर्ण रुपमा परिपालना गरेको

देखिन आएन । ऐन नियमको परिपालना नगरेको तथा आन्तरिक नियन्त्रण प्रणाली सवल नबनाएका व्यहोराहरु देहाय अनुसार छन्:

१३.१ **जोखिम पहिचान :–** कार्यालयले सम्भावित जोखिमहरु पहिचान गरी जोखिम निराकरणका लागि प्रयत्न गरेको अभिलेखबाट देखिएन । जोखिम पहिचान गरी निराकरणका उपायहरु अवलम्बन गर्नुपर्दछ ।

१३.२ **नागरिक वडापत्र :–** सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्र कार्यालय परिसरभित्र सबैले देख्ने ठाँउमा राख्नुपर्ने, कार्यालयले सूचना अधिकारी तोक्नु पर्ने र कार्यालय गतिविधि वेभसाइटमा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्थाहरु पूर्ण रुपमा पालना गर्नुपर्दछ ।

१३.३ **कार्य विवरण :–** निजामती सेवा ऐन २०४९ को दफा ५क को उपदफा (१) मा व्यवस्था भएअनुसारको कार्यविवरण दिएको पाइएन । ऐनमा व्यवस्था भए अनुसार कार्य विवरण बनाई लागू गर्नुपर्दछ ।

१३.४ **कार्यालयको निरीक्षण :–** सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम ४०(१) मा तालुक कार्यालयले आफु मातहत रहेको कार्यालयहरुको अनुगमन तथा निरीक्षण गरेको देखिएन । कार्यालयबाट हुने सेवा प्रवाहमा प्रभावकारिता ल्याउन अनुगमन तथा निरीक्षण हुनुपर्दछ ।

१३.५ **भ्रमण अभिलेख तथा प्रतिवेदन :–** भ्रमण खर्च नियमावली, २०६४ बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमण समाप्त भएपछि भ्रमण प्रतिवेदन पेश गर्नुपर्नेमा सोअनुसार गर्ने गरेको पाईएन । तोकिए बमोजिम भ्रमण अभिलेख राख्ने तथा प्रतिवेदन पेश गर्नुपर्दछ ।

१३.६ **न्यूनतम दररेट निर्धारण** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट आर्थिक वर्ष शुरु हुनुभन्दा १५ दिन अगावै तोकी सक्नुपर्ने प्रावधान छ । नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवालाई सहज बनाउन न्यूनतम दररेट निर्धारण गरेको छैन भने जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको पनि पालना गरेको देखिएन । उपरोक्त प्रावधानको पूर्ण पालना गर्नुपर्दछ ।

१३.७ **कर भुक्तानी जानकारी :–** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) मा ठेक्का संझौता तथा मूल्य अभिवृद्धि कर भुक्तानीको रकम खुलाई सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई जानकारी दिनुपर्ने व्यवस्था भएकोमा सो अनुरुप जानकारी दिएको पाइएन ।

१३.९ **गुणस्तर परीक्षण :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तरबमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्नेमा मोटरसाईकल, ल्यापटप लगायतका सामानको गुणस्तर परीक्षण गराएको पाइएन ।

१३.१० **ई. टि. डि. एस. :–** आयकर ऐन, २०५८ अनुसार कट्टा गरिएको कर रकम आन्तरिक राजस्व कार्यालयको ई. टि. डि. एस. सिष्टममा पोष्टिङ्ग गर्नुपर्नेमा सो अनुसार गर्ने गरेको देखिएन । तसर्थ कट्टा गरिएको कर रकम आन्तरिक राजस्व कार्यालयको ई. टि. डि. एस. सिष्टममा पोष्टिङ्ग गर्नुपर्दछ ।

१३.११ **विविध खर्च :–** कार्यालयले विभिन्न कार्यक्रममा खाजा एबं अतिथि सत्कारलगायतमा विविध खर्च गर्दा खर्चको सीमा तोक्नुपर्दछ । कार्यालयले विविध खर्चमा सीमा नतोकेकोले विविध खर्चको सीमा तोकी नियन्त्रण गर्नुपर्दछ ।

१४. **श्रोत अनुमान तथा बजेट सीमा :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा, बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकता, बजेट तर्जुमा मार्गदर्शन तयार गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेको छ । समिति गठन भएतापनि ऐनले तोकेअनुसारको कार्य पूर्णरुपले गरेको देखिएन ।

१५. **बजेट तथा कार्यक्रम तर्जुमा** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकता र कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। कार्यालयले सोअनुसार बजेट तर्जुमा गरेको पाइएन ।

१६. **स्थानीय तथ्यांक र अभिलेख** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहका हरेक क्रियाकलाप सञ्चालनमा तथ्यांकले महत्वपूर्ण भमिका हुने भएकोले नगरपालिकाले अभिलेख व्यवस्थित गर्नुपर्दछ।

१७. **लक्ष्य प्रगतिको स्थिति** :– आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरीय तथा केन्द्रीय आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची - २ को ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । कार्यालयले सञ्चालन गरेका सबै योजनाहरुको तोकिएको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्दछ ।

१८. **घटी जिम्मेवारी** :– आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ वमोजिम आय व्यय ठिकसँग भएको र लेखाकंन गरेको कुरामा विश्वस्त हुनुपर्ने र घटी जिम्मेवारी सार्न नहुने व्यवस्था छ। गत आर्थिक वर्ष २०७३।७४ को लेखापरीक्षण प्रतिवेदनमा जिम्मेवारी सार्नुपर्ने उल्लेख भएको रु. २,२५,६९,८८९।३७ मध्ये कार्यालयले रु. २,२५,१२,४२२।३७ मात्र जिम्मेवारी सारेकोले रु. ५७,४६७।०० घटी जिम्मेवारी देखिएको छ। जिम्मेवारी सार्न बाँकी देखिएको रकम खोजी सञ्चित कोषमा आम्दानी देखाउनु पर्दछ। ५७,४६७।००

१९. **चौमासिक खर्च** :– आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रमबमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा ८.६६ प्रतिशत, दोश्रो चौमासिकमा १३.३४ प्रतिशत र तेश्रो चौमासिकमा ७८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा ३३.२४ प्रतिशत खर्च देखिएकोले सन्तुलित खर्च गर्नुपर्दछ।

२०. **राजस्व कारोबारको लेखा** :– आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२(१) मा प्रत्येक कार्यालयले राजस्वको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले राजस्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०८ र २३ नराखेको तथा दैनिक राजस्व असुलीको भौचर उठाएको देखिएन । असुली रकम असुल भएको भोलिपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो। दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्दछ।

२१. **रसिद नियन्त्रण खाता** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको दैनिक आम्दानी किताबमा प्रविष्टी गरी तोकिएको समयमा बैङ्क दाखिला खातामा प्रविष्ट गर्नुपर्दछ। कार्यालयले राजश्व असूलीमा प्रयोग हुने रसिदको रसिद नियन्त्रण खाता राखेको छैन । रसिद नियन्त्रण खाता नराखेकोले राजस्व असुलीमा प्रयोग भएको रसिदबाट असुल भएको सबै रकम दाखिला भएको छ भन्न सकिने आधार भएन। रसिद नियन्त्रण खाता राखी रसिदको प्रयोगलाई व्यवस्थित बनाउनुपर्दछ।

२२. **वित्तीय जवाफदेहिता पालना** :– आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । नगरपालिकाले नियमावलीको वित्तीय जवाफदेहिताको पालना गरेको देखिएन ।

२३. **सम्पत्ति हस्तान्तरण** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार साविक गाँउ विकास समिति र विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता

२०७५ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले साविक गाँउ विकास समिति, नगरपालिका र विषयगत कार्यालयको चल अचल सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा मालसामानहरुको प्रकृतिअनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

२४. **बरबुझारथ** :– मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरपालिकामा समाहित भएका साविकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख यकिन गरी उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

२५. **श्रोत नक्साङ्कन** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कन नगरपालिकले तयार गर्नुपर्नेमा सो तयार गरेको देखिएन । नगरपालिकाले ऐनले तोकेअनुसारको श्रोत नक्सा तयार गर्नुपर्दछ ।

२६. **उपभोक्ता समिति** :– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर जस्ता मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कार्यमा सुधार हुनुपर्दछ ।

२७. **कल्याण कोष** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानूनबमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकाश कोषको स्थापना गर्ने र सोको लागि स्थानीय तहले कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिका अन्तर्गत कार्यरत स्थानीय सेवाका कर्मचारीको लागि सेवा वा पदबाट अलग हुँदा दिनुपर्ने अवकास सुविधाको कल्याण कोषमा गत वर्षदेखि रु. ५५,४९३।०० मात्र मौज्दात रहेको छ । कार्यालयले यस वर्ष सो कोषमा रकम विनियोजन गरेको छैन । ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

२८. **लक्षित समूहको योजना छनौट र खर्च** :– स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १० मा लक्षित समूहको कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित लक्षित समूहको मागको आधारमा लक्षित समूहको पूँजी निर्माण, सेवा प्रवाह गुणस्तरीय सुधार तथा क्षमता विकास भएको मापन गर्न सकिने ठोस कार्यक्रम वा आयोजनामा मात्र रकम विनियोजन एवं खर्च गर्नुपर्ने, लक्षित समूहका नाममा कुनै पनि प्रकारका वितरणमूखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठी जस्ता कार्यक्रममा खर्च गर्न नपाइने, दफा १३ मा कार्यालय सञ्चालन तथा चालु प्रकृतिका खर्च गर्न पूँजीगत बजेटबाट निषेध गरिएको छ । कार्यालयले यस वर्ष लक्षित समूहको बजेटबाट उक्त कार्यविधि विपरीत लक्षित समूहको क्षमता विकास, सेवा प्रवाहमा गुणस्तरीयता तथा समूहको पूँजी निर्माणको मापन गर्न नसकिने कार्यक्रम र घरभाडा, खाजा, खाना खर्च जस्ता चालु प्रकृतिका कार्यक्रममा भुक्तानी गरेकोले यसमा कार्यमा सुधार हुनुपर्दछ ।

२९. **आन्तरिक आय** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । यो वर्ष आन्तरिक आय रु.

| | | |
|---|---|---|
| | ९२,९३,१३७५३ असुली तथा दाखिला भएकोमा यो सम्बन्धमा देखिएका व्यहोरा निम्नअनुसार छन् : | |
| २९.१ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्रअन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र बक्यौता रकमसमेत असुल गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मालपोत, शुल्क र अन्य शुल्क तथा दस्तुरबाट असुल हुनुपर्ने रकमको लगत नराखेकोले असुल गर्न बाँकी करहरु यकिन गर्न सकिएन । तसर्थ असुल गर्नुपर्ने करहरुको लगत राखी असुल गर्नुपर्दछ । | |
| २९.२ | नगरपालिकाको वार्षिक नगर विकास योजनाको दफा ५३(१) मा नगरपालिकको स्वीकृत कार्यक्रम अनुसारको योजनाहरु संचालन गर्दा व्याहकहो लोडर माग भएमा प्रति घण्टा ८००।०० भाडा लिने र इन्धन सम्बन्धित मागकर्ताले व्यहोर्नु पर्ने व्यवस्था गरिएको छ । कार्यालयको व्याकहो लोडरको लगबुक अनुसार यस वर्ष ८२०.७ घण्टा चलेको देखिन्छ । लोडर चलेको आधारमा रु.७,५६,५६०।०० भाडा असुल गर्नुपर्नेमा रु. १,६२,७३२।०० असुल गरेको र रु.४,९३,८२८।०० असुल पनि नभएको र उक्त रकम असुल हुन बाँकीमा पनि देखाएको छैन । असुल हुन बाँकी रहेको रकम कार्यालयबाटै खोजविन गरी असुल गर्नुपर्दछ । | ४,९३,८२८।०० |
| ३०. | **<u>तलबी प्रतिवेदन</u> :–** निजामती सेवा ऐन, २०४९ को दफा ७ अनुसार कार्यरत स्थायी कर्मचारीहरुको वार्षिक तलबी प्रतिवेदन कोष तथा लेखा नियन्त्रकको कार्यालय, शिक्षकहरुको विद्यालय शिक्षक किताबखाना र स्थानीय कर्मचारीहरुको हकमा आन्तरिक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले कर्मचारीको तलब खर्च लेखेकोमा तलबी प्रतिबेदन पारित गरेको छैन । तलबी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| ३१. | **<u>पारिश्रमिक तथा भत्ता</u> :–** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन, २०७५ को दफा ३ मा पदाधिकारी तथा सदस्यहरुले पाउने पारिश्रमिकको व्यवस्था गरिएको छ । मासिक पारिश्रमिकको साथमा सञ्चार सुविधा र कार्यालयको काममा खटिएको अवधिको दैनिक भ्रमण भत्ताबाहेक अन्य कुनै किसिमको भत्ता सुविधा पाउने व्यवस्था छैन । नगरपालिकाले पदाधिकारी तथा सदस्यहरुलाई २०७४ श्रावणदेखि नै बैठक भत्ता दिदै आएकोमा सुविधासम्बन्धी ऐन २०७५।३।३ मा प्रमाणीकरण भएपछि त्यसमा तोकिएबमोजिमको पारिश्रमिक रु.७८,३६,०००।०० भुक्तानी गर्दा पहिले भुक्तानी भएको बैठक भत्ता रु.२६६८५००।०० कट्टा गरेको देखिएन । यसरी ऐनमा व्यवस्था नभएको भत्ता भुक्तानी गरी खर्च लेखेकोले बैठक भत्ता रकम असुल गर्नुपर्दछ । | २६६८५००।०० |
| ३२. | **<u>अनुगमन भत्ता</u> :–** नगरपालिकाका पदाधिकारी तथा नगरपालिकामा कार्यरत कर्मचारीले भ्रमण खर्च नियमावली, २०६४ मा तोकिएको अवस्थामा पाउने दैनिक भत्ता र भ्रमण खर्चबाहेक नगरपालिकाको क्षेत्रभित्रका योजनाहरुको अनुगमन गर्दा भत्ता सुविधा पाउने कुनै व्यवस्था छैन । नगरपालिकाका प्रमुख, उप प्रमुख, वडा अध्यक्ष, कार्यपालिकका सदस्य, वडा सदस्य तथा कर्मचारीहरुलाई योजना अनुगमन गरेको भनी दैनिक रु.१०००।०० को दरले भत्ता भुक्तानी गरेको छ । यसप्रकारको नपाउने सुविधामा भएको खर्च कार्यालयले नै छानविन गरी असुल गर्नुपर्दछ । | |
| ३३. | **<u>विद्युतीय लेखा</u> :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोबारको लेखा राख्नुपर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले नि:शुल्करुपमा उपलव्ध गराई सबै नगरपालिकाहरुले क्गद ल्वतष्यलर्बा त्चभबकगचथ च्भनगबितयचथ द्दउउष्अिबतष्यल ९क्गत्द्ध० प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उक्त सफ्टवेयर प्रयोग गरी लेखा राखेको देखिएन । | |
| ३४. | **<u>खरिद गुरु योजना</u> :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ उपनियम (१) मा सार्वजनिक निकायले एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाका लागि खरिद गर्दा वा वार्षिक रु. दश करोड भन्दा बढी रकमको खरिद गर्दा सोही नियमको उपनियम (१) मा उल्लेखित कुरा खुलाई खरिद गुरुय ोजना तयार गरी सम्बन्धित मन्त्रालयको सचिवबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित अधिकांश योजनाहरुको निर्माण अवधि एक वर्षभन्दा बढी रहेकोमा नियमावलीको उपर्युक्त प्रावधान अनुसार खरिद गुरु योजना तयार गरी स्वीकृत भएको देखिएन । वहुवर्षिय ठेक्काहरुको व्यवस्थापन गर्दा खरिद गुरु योजना स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ । | |

३५. **वार्षिक खरिद योजना :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) मा सार्वजनिक निकायले वार्षिक रु. दश लाखभन्दा बढी रकमको खरिद, निर्माण तथा परामर्श सेवा प्राप्त गर्नुपर्ने भएमा आगामी वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गरिने वार्षिक खरिद योजना तयार गर्नुपर्ने र त्यसरी खरिद योजना तयार गर्दा नियम ७ बमोजिमको खरिद गुरु योजना समेत तयार भएको भएमा सो योजनाको समेत आधार लिनुपर्ने, नियम ८(५) अनुसार सार्वजनिक निकायको प्रमुखले चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भएपछि सो अनुरुप यो नियमबमोजिम तयार भएको वार्षिक खरिद योजना परिमार्जन गरी स्वीकृत गर्नुपर्ने र तालुक कार्यालयले खरिद कारबाही निर्धारित समयमा सम्पन्न भए नभएको अनुगमन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष पूँजिगत खर्च रु. २१,००,२५,९१५।०० गरेकोमा खरिद योजना तयार नगरेको तथा उक्त कार्यको तालुक कार्यालयबाट अनुगमन गरेको देखिएन । उपरोक्त व्यवस्था पालना नगर्नाले खरिद कार्यको मितव्ययिता, कार्यदक्षता, प्रभाबकारिता र पारदर्शीताको पक्ष सबल हुन नसक्ने देखिन्छ । नियमानुसारको खरीद योजना तयार गरेर मात्र खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

३६. **डि. एल. पी. अभिलेख :–** सार्वजनिक खरिद नियमावलीको नियम १२५ मा कुनै निर्माण कार्य सम्पन्न भइ त्रुटि सच्याउने दायित्व (डि. एल. पी.) अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने, निर्माण भए बमोजिमको नक्सा र कार्य सम्पन्न प्रतिवेदन सम्बन्धित सार्वजनिक निकायले बोलपत्र स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नुपर्ने र सार्वजनिक निकायको प्रमुख र वोलपत्र स्वीकृत गर्ने अधिकारी एउटै व्यक्ति भएमा निज भन्दा एक तह माथिको अधिकारी समक्ष पेश गर्नुपर्ने उल्लेख छ । नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउन पुर्‍याउनको लागि ठेक्काको अभिलेख राखी नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीबाट जाँचवुझ गराउनुपर्नेमा डि. एल. पी. मा रहेका ठेक्काको अभिलेख नै राखेको देखिएन । यस आर्थिक वर्षमा गत विगतबाट जिम्मेवारी सरी आएका समेत ३० वटा ठेक्काको रु. ६ करोड ६७ लाख ९५ हजारको निर्माण कार्य सम्पन्न भएको देखिन्छ । नियमानुसारको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।

३७. **उपभोक्ता समितिको श्रेस्ता अनुगमन :–** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ५ मा वित्तीय सुशासन जोखिम न्यूनीकरण सम्बन्धी व्यवस्था गरेको छ । उक्त बुंदामा अन्य कुराहरुको अतिरिक्त उपभोक्ता समितिबाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने एवं भए गरेको कामलाई नगरेको तथा नगरेको कामलाई गरेको सिफारिस गर्ने, नापजांच प्राविधिक सुपरीवेक्षण गर्ने र अन्तिम मूल्यांकन गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही हुने व्यवस्था छ । नगरपालिकाले उपभोक्ता समिति मार्फत् सञ्चालन गरेका विभिन्न कार्यक्रमहरुको भुक्तानी गर्दा आयकर ऐन, २०५८ बमोजिम श्रोतमा अग्रिम आयकर कट्टी गर्नुपर्ने, स्थायी लेखा नम्बर र मू.अ.कर दर्ता प्रमाणपत्र भएकासंग खरिद गर्नुपर्ने व्यवस्थाको अनुगमन गरेको देखिएन । उपभोक्ता समितिबाट खरिद गरिएका विभिन्न जिन्सी, निर्माण सामग्री र हेभी मेशिनको भुक्तानीमा अग्रिम आयकर कट्टी गरेको समेत देखिदैन । उपभोक्ता समितिले लेखा नराख्ने, कार्यालयबाट अनुगमन नहुने अवस्थामा आयकर ऐन, २०५८ अनुसार लाग्ने आयकर तथा भुक्तानीमा असुली गरिने मु.अ.कर रकम निर्माण व्यवसायी तथा सप्लायर्सबाट छली हुन जाने हुँदा कार्यालयबाट तोकिएअनुसार अनुगमन गर्नुपर्दछ ।

३८. **सार्वजनिक परीक्षण :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थलगत अनुगमन नगरी उपभोक्ता समितिबाट पेश गरेको सार्वजनिक परीक्षण प्रतिवेदन संलग्न गरी भुक्तानी गरेको छ । योजनाको निर्माण कार्य सम्झौता अनुसार समयमा भए नभएको, गुणस्तरयुक्त भए नभएको, निर्माण कार्य सन्तोषजनक भए नभएको सम्बन्धमा लाभान्वित जनसमुदायको धारणा खुलाएको देखिएन । निर्माण सामग्रीको खरिद, उपभोक्ता समितिले तिर्नु बुझाउनु पर्ने रकम र बैक मौज्दात जस्ता कुराहरु नखुलाई उपस्थितको हाजिर र एकमुष्ठ आम्दानी खर्चको रकममात्र उल्लेख

गरी सार्वजनिक परीक्षण प्रतिवेदन तयार गर्दा सम्झौता अनुसारको गुणस्तरीय कार्य र पारदर्शिता कायम भएको छ भन्न सकिने अवस्था देखिदैन । सञ्चालित विभिन्न योजनाको सार्वजनिक परीक्षण र सुनवाईको व्यवस्था अवलम्वन गरी सम्पन्न योजना उपभोक्तालाई हस्तान्तरण हुनुपर्दछ ।

३९. **यातायात गुरु योजना** :– स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा २८(५) मा स्थानीय निकायले आफ्नो क्षेत्रभित्र स्थानीय निकाय लगायत अन्य निकायबाट निर्माण भएका सम्पूर्ण सडकहरुको नक्शाङ्कन एवम् अद्यावधिक विवरण (रोड ईन्भेन्ट्री) तयार गरी राख्नु पर्ने र उप नियम ३ मा सडक निर्माण गर्दा यातायात गुरु योजनालाई आधार मानी आयोजना छनौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यातायात गुरुयोजना तयार गरेको देखिएन भने यातायात गुरु योजना बिना नै यस वर्ष सञ्चालन गरेका योजनाहरु मध्ये ९५ प्रतिशत योजनाहरु सडक निर्माण तथा योजना सञ्चालन गरेको पाइयो । यातायात गुरुयोजना तयार गरी गुरुयोजनामा परेका सडकलाई प्राथमिकता दिई सडक योजना निर्माण तथा सञ्चालन गर्न ध्यान दिनुपर्दछ ।

४०. **योजना र कार्यान्वयन** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकता तोक्नुपर्ने र मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयार गरी कार्यान्वयनमा ल्याएको देखिएन ।

४१. **न्याय सम्पादन** :– कार्यालयबाट प्राप्त विवरण अनुसार मुद्दा दर्ता, फछ्र्यौट, बाँकी रहेको विवरण निम्नअनुसार रहेको छ ।

| सि. नं. | उजुरीको विवरण | जम्मा दर्ता उजुरी | टुङ्गो लागेका उजुरी | माथिल्लो निकायमा पठाएको | बाँकी उजुरी |
|---|---|---|---|---|---|
| १ | जग्गा विवाद | २१ | २० | - | १ खारेज भएको । |
| २ | लेनदेन कारोवार | ११ | ११ | - | - |
| ३ | घरायसी विवाद | ७ | ७ | - | - |
| ४ | बाटो विवाद | ११ | ११ | - | - |
| ५ | कुटपिट | ४ | ४ | - | - |
| ६ | गाली गलौज | ४ | ४ | - | - |
| ७ | जेष्ठ नागरिक पालन पोषण गराई पाँउ | १ | १ | - | - |
| ८ | पोल्ट्रि फार्म विवाद | १ | १ | - | - |
| | **जम्मा** | **६०** | **५९** | **-** | **१ खारेज भएको ।** |

४२. **ठेक्का व्यवस्थापन** :– आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० को उपनियम (३) मा कार्यक्रम सुचारुरुपले कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्य सम्पन्न गर्न अन्य निकायसंग लिनुपर्ने सहयोग र स्वीकृतिबारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरिसक्नु पर्ने व्यवस्था छ । यस वर्ष कार्यान्वयन भएका ३० वटा विभिन्न निर्माण कार्यका ठेक्कामध्ये दोश्रो चौमासिकमा १५, तेश्रो चौमासिकमा १५ र सोमध्ये १ सम्झौता असार महिनामा भएको देखिन्छ ।

| क्र. सं. | कार्यक्रमको नाम | ठेक्का सम्झौता | | | | | | | | | (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | | प्रथम चौमासिक | | दोश्रो चौमासिक | | तेश्रो चौमासिक | | आषाढ महिनाको मात्र | | यस बर्ष सम्पन्न | |
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | विभिन्न निर्माण कार्य | ३० | ६६७९५ | - | - | १५ | ३१४०२ | १५ | ३५३९३ | १ | ५३७८ | २४ | ४६३५० |
| | **जम्मा** | **३०** | **६६७९५** | **-** | **-** | **१५** | **३१४०२** | **१५** | **३५३९३** | **१** | **५३७८** | **२४** | **४६३५०** |

ढिला गरी सम्झौता भएको कारण उपरोक्त अनुसारका योजनाहरु समयमा सम्पन्न हुन नसक्नाले लक्षित समुह सुविधा पाउने अवसरबाट बञ्चित हुनुपर्ने स्थिति रहेकोले समयमानै ठेक्का सम्झौता गर्ने र योजना सम्पन्न गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

४३. **मूल्य अभिबृद्धि कर समायोजन** :– मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिनाको विवरण सो महिना समाप्त भएको २५ दिनभित्र पेश गर्नुपर्ने र भुक्तानी दिनेले समेत भुक्तानीको विवरण सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यबस्था छ । मूल्य अभिबृद्धि करसमेत भुक्तानी लिएका निर्माण व्यबसायी, १०३२१८१००

आपूर्तिकर्ता तथा सेवा प्रदायकहरुले बुझाउनु पर्ने कर विवरण तथा कर रकम बुझाएको प्रमाण नदेखिएकोले मूल्य अभिबृद्धि कर समायोजन भएको प्रमाण पेश हुनुपर्दछ ।

| गो.भौ.नं/मिति | आपूर्तिकर्ता तथा सेवा प्रदायकको नाम | भुक्तानी रकम | मू.अ.कर | देखिएको कैफियत |
|---|---|---|---|---|
| | व.उ.शि.नं. सामानिकरण अनुदान पूँजीगत तर्फ | | | |
| ३४३/०७४/१०/२६ | जनसरोकार विज्ञापन एजेन्सी, कञ्चनपुर ( ६०३०३१३९५) | १,८९,०२७/- | २१,७४७/- | विजक नं. २९।२०७४।१०।२४, २०७४ पौष देखि ननफाइलर रहेको । |
| २२२/०७४/९/१८ | महाकाली विज्ञापन एजेन्सी, कञ्चनपुर ( ३०५०९५०७७) | ८६,४४५/- | ९,९४५/- | विजक नं. २५०।२०७४।९।१७, २०७२ श्रावण देखि ननफाइलर रहेको । |
| ५७०/०७५/१/२१ | स्काई रिसर्च एण्ड कन्सल्टेन्सी प्रा. लि., कञ्चनपुर ( ६०३५५९१४९ ) | ४,९५,५०५/- | ५७,००५/- | विजक नं. १३।२०७५।१।२१, २०७४ फाल्गुण देखि ननफाइलर रहेको । |
| ३/०७५/०४/३१ | जिओसफ्ट टेक्नोलोजी (३०२७०२३९८) | २९,९४५/- | ३,४४५/- | विजक नं. १/०७४/४/२५, २०७१ प्रथम त्रैमासिक देखि ननफाइलर रहेको । |
| ४५३/०७५/२/३१ | महाकाली विज्ञापन एजेन्सी, कञ्चनपुर ( ३०५०९५०७७) | ५९,६६४/- | ६,८६४/- | विजक नं. २२१।२०७४।९।१७, २०७२ श्रावण देखि ननफाइलर रहेको । |
| ६०९/०७५/०३/२६ | महाकाली विज्ञापन एजेन्सी, कञ्चनपुर ( ३०५०९५०७७) | ३६,६१२/- | ४,२१२/- | विजक नं. २३३/०७५/३/२१, २०७२ श्रावण देखि ननफाइलर रहेको । |
| | जम्मा | ८९७१९८/- | १०३२१८/- | |

४४. **<u>मूल्य अभिबृद्धि कर</u> :–** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ (१) मा दर्ता भएको व्यक्तिले वस्तु वा सेवा बिक्री गर्दा प्रापकलाई कर बीजक दिनुपर्ने उल्लेख छ । मूल्य अभिवृद्धिकर नियमावली २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि बाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व विभागको मिति २०५५।३।३२ र २०६५।७।१० को परिपत्रानुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले हरेक वर्ष बीजकको क्रम संख्या १ बाट सुरु गर्नुपर्ने र कर बीजकमा हातले नम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ । कार्यालयले रीतपूर्वकको बीजक जारी नगर्ने निम्न फर्मलाई कर रकमसमेत भुक्तानी गरेकोले कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्दछ । ७७५३६।७९

| गो.भौ.नं/मिति | आपूर्तिकर्ताको नाम | भुक्तानी रकम | मू.अ.कर | देखिएका कैफियतहरु |
|---|---|---|---|---|
| | व.उ.शि.नं. सामानिकरण अनुदान पूँजीगत तर्फ | | | |
| ७५५/०७५/३/६ | रक्षा कन्स्ट्रक्सन, कञ्चनपुर (३०५०९७७८७) | ४,९५,१५१/२० | ५६,९६४/२९ | विजक नं. ००२ हातले लेखि मिति २०७५।३।६ मा जारी गरेको । |
| ३८३/०७४/११/२० | माष्टर माईण्ड ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि., काठमाण्डौं ( ३०४५६४८९७ ) | १,७८,८२२/५० | २०,५७२/५० | विजक नं. ०११ हातले लेखि मिति २०७४।१०।२ मा जारी गरेको । |
| | जम्मा | ६७३९७३/७० | **७७५३६/७९** | |

४५. प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत पकेट क्षेत्र कार्यक्रमको लागि कृषक समुहहरुलाई अनुदान रु. १५,२०,५००।०० भुक्तानी दिएकोमा निम्न अनुसार देखिएको छः १५,२०,५००।००

४५.१ सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४(४) अनुसार यातायात व्यवस्था कार्यालयमा दर्ता गराउनु पर्ने व्यवस्था छ। पाँच थान पावर टिलरको मूल्य भुक्तानी दिएकोमा सो पावर टिलर दर्ता नभएकोले नियमको पालना गरी सवारी दर्ता तथा बिमा गराउनु पर्दछ ।

| गो. भा. नं. र मिति | कृषक समूहको नाम | सामानको नाम | रकम |
|---|---|---|---|
| ७३८/२०७५/३/३ | कोपिला बिउ आलु उत्पादन कृषक समूह, पिपलाडी | पावर टिलर २ थान | ३,९०,०००/- |
| ७५३/२०७५/३/६ | संझना महिला तरकारी पकेट संचालक समिति | पावर टिलर १ थान | २,००,०००/- |
| ८१७/२०७५/३/१८ | बैजनाथ आधुनिकीकरण कृषक समुह | पावर टिलर १ थान, एण्टी स्कीड १ सेट, ह्वील १ सेट, स्प्रे टंकी ३ थान | २,८२,०००/- |
| ८६०/२०७५/३/३१ | विश्वास कृषि सहकारी संस्था | पावर टिलर १ थान, मोटर २ एच.पी. ३ सेट | २,५३,५००/- |
| ८५५/२०७५/३/२० | कञ्चन कृषि वस्तु उत्पादन संकलन तथा प्रशोधन केन्द्र | सिड ड्रिल १ थान, सौर्य सिंचाइ १ सेट, कर्न सेलर १ थान, मिनि टिलर १ थान | ३,९५,०००/- |
| | | जम्मा | **१५,२०,५००/-** |

साथै खरिद गरिएका उक्त सामानहरु संस्थाको जिन्सी खातामा आम्दानी जनाएको प्रमाण पेश हुनपर्दछ ।

४५.२ कृषक समुह र कार्यालयबीच भएको सम्झौतामा १० हेक्टर क्लस्टर हुनुपर्ने उल्लेख भएकोमा सो क्षेत्रफल खुल्ने प्रमाण श्रेस्ता संलग्न भएको देखिएन ।

४६. **अनुपातिक कट्टी नगरेको :–** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा २५ (९) मा स्थानीय निकायले कार्यक्रम वा आयोजना तर्जुमा, सञ्चालन, अनुगमन तथा मूल्यांकन लगायत आयोजनाको प्रत्येक चरणमा अत्यधिक मात्रामा सहभागिता जुटाउने प्रयत्न गर्नु स्थानीय तहको कर्तव्य हुने र उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने र कार्यालयसंग भएको सम्झौता बमोजिमको कार्य उपभोक्ता समितिबाट सम्पन्न गर्नुपर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा नमुना छनौटको आधारमा परीक्षण गर्दा यस वर्ष सञ्चालित निम्न योजनामा सम्झौता रकम भन्दा घटीको कार्यसम्पन्न गरेकोमा कार्यालयले भुक्तानी दिँदा घटी कार्यको अनुपातिक कट्टी नगरी भुक्तानी गर्दा कार्यालयलाई बढी व्ययभार परेको रकम असुल गर्नुपर्दछ । १०९८९७०० 

| सि.नं. | गो. भा. नं. र मिति | कामको विवरण | संझौताको प्रतिशत | बढी भुक्तानी रकम |
|---|---|---|---|---|
| | | व. उ. शि. नं. वित्तीय समानिकरण पूँजीगत तर्फ | | |
| १. | ८६६/२०७५/३/२१ | सूर्यज्योती कृषि सहकारी संस्था, जोनापुर | ८५.७१ | ८,१८०/- |
| २. | ९५१/२०७५/३/२७ | वार्ड नं. ११ मा नाली र बाटो ग्राभेल कार्य | ८४.४१ | १,०१,६९९/- |
| | | जम्मा | | १०९८९७/- |

४७. **उपभोक्ता समिति गठन :–** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा २५ मा आयोजना कार्यान्वयन र सञ्चालन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारको पहिचान गरी आयोजनास्थलमा नै सातदेखि एघार सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्ने, उपभोक्ता समितिका सदस्यहरुमा कम्तीमा तेत्तीस प्रतिशत महिला र अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्ने र उपभोक्ता समिति गठन गर्दा समावेशी हुनुपर्ने व्यवस्था छ । यस कार्यालयको श्रेस्ता परीक्षण गर्दा १२ वटा योजनाकोलागि एक वटा उपभोक्ता समिति गठन गरी कार्य गराएको देखिएको छ भने उपभोक्ता समिति समावेशी र तेत्तीस प्रतिशत महिला सदस्य नरहेको देखिएको छ । तसर्थ कार्यालयले कार्यविधिमा भएको व्यवस्थाको पालना गरी उपभोक्ता समिति गठन गरी कार्य गराउन ध्यान दिनुपर्दछ । केही उदाहरणहरु निम्न अनुसार छन्:

४७.१ वार्ड नं. २ को लक्ष्मीपुर उपभोक्ता समिति “ग” मा महिला सदस्य तेत्तीस प्रतिशत नभएको र मितेरी पुलदेखि भगीरामको पसलसम्मको सडक ग्राभेल र ह्युमपाईप राख्ने कार्यसमेत ६ वटा योजनाकोलागि रु. २०,८०,०००।०० को सम्झौता गरी कार्य गराएको छ ।

४७.२ वडा नं. १० मा टोटी त्रिपुरेश्वर उपभोक्ता समितिलाई टोटी नैनसिंह डगौराको घर पश्चिम नदीमा तटबन्धको कार्यसमेत ११ वटा योजनाकोलागि रु. १०,७५,०००।०० को सम्झौता गरी कार्य गराएको छ ।

४७.३ वडा नं. ११ मा कलुवापुर ग्राभेल, ह्युमपाईप उपभोक्ता समितिलाई चन्द्र बहादुर सार्कीको घर हुँदै पूर्व मनोज बिष्टको घरसम्मको बाटोमा ग्राभेलको कार्य समेत १० वटा योजनाकोलागि रु. ११,००,०००।०० को सम्झौता गरी कार्य गराएको छ ।

४७.४ वडा नं. २ मा रानीपुर उपभोक्ता समिति “क” लाई रानीपुर भरत बोहराको घरदेखि सुरेश बहादुर बमको घरसम्मको बाटोमा ग्राभेलको कार्य समेत ९ वटा योजनाकोलागि रु. १९,००,०००।०० को सम्झौता गरी कार्य गराएको छ ।

४७.५ वडा नं. ६ मा कमलताल बाटो ग्राभेल कार्य उपभोक्ता समितिलाई पुरन ऐरको घरदेखि बलदेव सेटीको घरसम्मको बाटोमा ग्राभेलको कार्य समेत ६ वटा योजनाकोलागि रु. १७,५०,०००।०० को सम्झौता गरी कार्य गराएको छ ।

४७.६ वडा नं. ४ मा असैना “ख” उपभोक्ता समितिलाई असैना टोलभित्र शाखा बाटाहरुमा ग्राभेल, ह्युमपाईपको कार्यसमेत ३ वटा योजनाकोलागि रु. १८,५०,०००।०० को सम्झौता गरी कार्य गराएको छ ।

४८. **निर्देशिकाको पालना :–** स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण निर्देशिका, २०७४ मा दफा ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा श्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि

सवारी साधन खरिद गर्न नसकिने प्रावधान भएकोमा पनि यो वर्ष ११ थान मोटर साइकल खरिद गरी रु. २१,५५,२६९।०० खर्च गरेको छ ।

४९. **आयोजनाको स्वीकृति र कार्यान्वयन :–** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ अनुसार विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी आयोजना स्वीकृत हुनुपर्दछ । वातावरणीय प्रभावको अध्ययन नगरी छनौट भएका आयोजनाले प्राकृतिक विपत्ती ल्याउन सक्ने, प्रतिफलको विश्लेषण नगर्दा योजना खर्चिलो हुन सक्ने, विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाइन तथा स्पेसिफिकेसन नबाउदा योजना गुणस्तरीय र दिगो नहुने भएकाले योजनाको छनौट गर्दा माथिका प्रावधानहरु पूरा गर्नुपर्ने देखिन्छ । यो वर्ष उपर्युक्त प्रावधान पूरा नगरी छनौट भएका केही ठूला योजनाहरुको उदाहरण निम्नअनुसार छन्:

| सि. नं. | योजनाको नाम | लागत अनुमान |
|---|---|---|
| १ | खुला मञ्चमा पसल घर र ढल निकास व्यवस्था | ३०,००,०००/- |
| २ | राजमार्ग दक्षिण कलुवापुर लोहारपुर जाने सडक कालोपत्रे | २६,००,०००/- |
| ३ | वन समिति कालापानी सडक कालोपत्रे | ५०,००,०००/- |
| ४ | न. पा. को वडा कार्यालय भवन निर्माण ( कुनै २ वडा कार्यालय ) | १,००,००,०००/- |
| ५ | गर्जमनि खजुवा हुँदै साविक पिपलाडी गा. वि. स. भवन जाने सडक कालोपत्रे | २६,००,०००/- |
| ६ | नगरपालिका भवन र गाडी राख्ने ग्यारेज निर्माण | ७५,००,०००/- |

५०. **एज बिल्ट ड्रइङ :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद समझौताबमोजिम निर्माण कार्य सम्पन्न भएको तीसभित्र निर्माण व्यवसायीले निर्माण भएबमोजिमको (एज बिल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले तोकिएको अवधिभित्र एज बिल्ट ड्रइङ पेश नगरेमा निश्चित रकम रोक्का राखिने प्रावधान सम्झौतामा नराखेकोले खरिद समझौता कानुन अनुकुल देखिएन । यो वर्ष काम सम्पन्न भएका २६ खरिद सम्झौताको रु.४ करोड १७ लाख ९ हजार भुक्तानी दिँदा कुनै रकम रोक्का नगरेकोले कार्यालयको तर्फबाट छानविन गरी एज बिल्ट ड्रइङ पेश नगर्ने निर्माण व्यवसायीसँग निश्चित रकम असुल गर्नुपर्दछ ।

५१. **बढीको सम्झौता :–** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ मा सार्वजनिक निकायले दफा २५ बमोजिम न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्र मात्र स्वीकृतिको लागि छनौट गर्नु पर्ने व्यवस्था छ । कार्यालयले देहायका योजनामा वर्क सेडुलमा हस्ताक्षर नभएको, लेटर अफ बिड संलग्न नभएको, अंक र अक्षर दुबैमा दररेट उल्लेख नगरेको जस्ता कारण देखाई पहिलो घटी बोलपत्रको स्वीकृत नगरी दोस्रो बोलपत्र स्वीकृत गर्दा निम्नअनुसार रु.१३१८१८२।०५ बढी व्ययभार परेको छ । बोलपत्र मूल्यांकन गर्दा कानुनी प्रक्रियाबाहेक अन्य सानातिना त्रुटिलाई बोलपत्रको मूल्यांकनमा आर्थिक पक्षको हिसाबले हेर्नु उपयुक्त हुन्छ । आगामी दिनमा यसतर्फ सुधार गर्नुपर्दछ ।

| ठेक्का नम्बर | पहिलो घटी बोलपत्र रकम | दोस्रो घटीवालाको अंक | फरक रकम |
|---|---|---|---|
| १७/०७४/७५ | १४४६८२०/९१ | १६६४४४९/७१ | २१७६२८/८० |
| १८/०७४/७५ | १६२३१६४/२७ | २०२६८७७/०६ | ४०३७१३/३३ |
| १९/०४/७५ | ४८६५०२३/२९ | ५१३४५०७/०६ | २६९४८३/७८ |
| २०/०७४/७५ | ५०६४९८८/७६ | ५४९२३४४/९० | ४२७३५६/१४ |

५२. **परामर्श सेवा :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स, सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त र सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिदमा लागेको वास्तविक खर्चलाई आधार लिनुपर्ने व्यवस्थाछ । कार्यालयले देहायको विषयमा परामर्श सेवा खरिद गर्दा लागत अनुमान नै तयार नगरी परामर्श सेवा खरिद गरेको पाइयो । परामर्श सेवाको खरिद कार्य मितव्ययी, प्रतिस्पर्धी र गुणस्तरीय बनाउनु पर्ने देखिन्छ ।

| सि. नं. | कामको विवरण | परामर्शदाताको नाम | सम्झौता रकम |
|---|---|---|---|
| १ | वडा नं ७ को विभिन्न परियोजनाको प्रतिवेदन | स्काई रिसर्च एण्ड कल्सल्टेन्सी | ४९५५०५/- |
| २ | वडा नं ९ मा सार्वजनिक पार्क निर्माणको गुरुयोजना | माउण्ट मकालु इन्जिनियरिङ | ३९८०००/- |
| ३ | चक्रपथ निर्माणको डि पि आर | ई एफ आई प्रा.लि | ९८६२६४/- |
| | | जम्मा | १८७९७३९/- |

५३. **लागत अनुमान :–** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यससम्बन्धी स्पेशिफिकेसन, योजना,

नक्सा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नुपर्ने व्यवस्था छ। सवारी साधन खरिद गर्नुअघि स्पेशिफिकेसन तयार गर्नुपर्ने र त्यसको आधारमा नाडा एवं आधिकारिक बिक्रेताहरुसँग दररेट माग गरी लागत अनुमान तयार गर्नुपर्नेमा स्पेशिफिकेसन तथा लागत अनुमान तयार गर्न नियुक्त परामर्शदाता मेकानिकल इन्जिनियर श्री खेमराज चटौतले लागत अनुमान तयार गर्दा कुनै आधार नलिई नगरपालिकाले विनियोजन गरेको बजेटलाई आधार मानेकोले लागत अनुमान यथार्थपरक देखिएन। लागत अनुमान तुलनायोग्य नभएकोले खरिद कार्य मितव्ययी र प्रतिस्पर्धी देखिएन। यस प्रकारको लागत अनुमान तयार गर्ने तथा मूल्यांकनमा संलग्न कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ।

| सि. नं. | विवरण | लागत अनुमान | खरिद मूल्य |
|---|---|---|---|
| १ | हाइड्रोलिक टिपर | ३७५०,००० | ३५४२५५० |

५४. **गैरसरकारी संस्थाबाट कार्य :–** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ बमोजिम गैरसरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधिसहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको अनुमान गरी त्यस्तो काम गर्ने उद्देश्य राखी कानून बमोजिम दर्ता भएको मौजुदा सूचीमा रहेका गैरसरकारी संस्थाबाट कम्तिमा १५ दिनको सूचना प्रकाशित गरी प्रस्ताव माग गरी माग गरेका प्रस्तावहरु मध्ये उपयुक्त प्रस्ताव स्वीकृत गरी कार्य गराउनु पर्ने व्यवस्था छ। नियमअनुसार छनौट नगरी निम्न संस्थालाई भुक्तानी गरेकोले अनियमित देखिएको छ। ५६३३०५।००

| गोश्वारा भौचर/मिति | गैरसरकारी संस्थाको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ५७५/०७५/१/२० | महिला एकीकृत विकास तथा शसक्तिकरण | पदाधिकारीलाई अनुशिक्षण | ५६३३०५/- |

५५. **ह्युम पाइप खरिद :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ मा मालसामान खरिद सम्बन्धी कारबाही शुरु गर्नुअघि सम्बन्धित सार्वजनिक निकायको खरिद एकाईले महाशाखा, शाखाबाट खरिद माग प्राप्त गरी सो माग अधिकारप्राप्त अधिकारीबाट स्वीकृत हुनुपर्ने र नियम ११ अनुसार लागत अनुमान तयार गरी खरिद गर्नुपर्ने प्रावधान छ। निर्माण सामग्री खरिद गर्दा सम्बन्धित योजना र आवश्यक परिमाण पनि खुलाउनु पर्दछ। खरिद भएपछि निर्माण सामग्री उपयोग गरेको आधारमा खर्च लेख्नुपर्दछ। कार्यालयले विभिन्न साइजको ह्युम पाइप खरिद गरेको आधारमा निम्नअनुसार खर्च लेखेकोले खरिद भएका ह्युम पाइपको उपयोग भएको प्रमाण पेश हुनुपर्दछ। ५६१५६१।६६

| गोश्वारा भौचर/मिति | आपूर्तिकर्ताको नाम | खरिद मूल्य |
|---|---|---|
| ८५/२०७४/६/२९ | मालिकार्जुन ह्युम पाइप एण्ड कंक्रिट उद्योग | ७२,०३२/५८ |
| ८६/२०७४/६/२९ | विशाल ह्युमपाईप उद्योग | ३८,८१३/२४ |
| १३४/२०७/८/१ | मालिकार्जुन ह्युम पाइप एण्ड कंक्रिट उद्योग | ५५,८९८/८४ |
| ९८२/०७५/३/२९ | मालिकार्जुन ह्युम पाइप एण्ड कंक्रिट उद्योग | ३९४८१७/- |
| | **जम्मा** | **५६१५६१/६६** |

५६. खरिद गरिएका माल सामानहरु सम्बन्धित कार्यालयको जिन्सी खातामा दाखिला भई आम्दानी बाँधेको हुनुपर्दछ। निम्न विद्यालयहरुलाई सामान खरिद गरेको रकम भुक्तानी दिएकोमा उक्त सामानहरु जिन्सी दाखिला भएको नदेखिएकोले जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पेश हुनुपर्दछ। ४६७०००।००

| गो. भा. नं. र मिति | विद्यालयको नाम | सामानको नाम | रकम |
|---|---|---|---|
| ३०१/२०७४/१०/१५ | श्री सिद्ध बैजनाथ मा. वि., बन्साहा | डेक्सटप कम्प्युटर २ थान | १,००,०००/- |
| ३७७/२०७४/११/१३ | श्री कृष्ण मा. वि., सिमलफाँटा | डेक्स बेञ्च ४० थान | ७६,०००/- |
| ७४२/२०७५/३/४ | श्री जनज्योती आ. वि., जोनापुर | डेक्सटप कम्प्युटर ५ थान, कम्प्यूटर टेवल ५ थान | २,९१,०००/- |

५७. **बढी पेश्की :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७.५ मा खरिद सम्झौता भएपछि सार्वजनिक निकायले उपभोक्ता समितिलाई सम्झौता रकमको एक तिहाई रकमसम्म अग्रिम रुपमा पेश्की दिन सकिने प्रावधान छ। वित्तीय समानीकरण पूँजीगत अन्तर्गतको देहायका योजनाको उपभोक्ता समितिसँग सम्झौता पश्चात तोकिएको भन्दा बढी पेश्की उपलब्ध गराएकोले अनियमित देखिएको छ।

| सि. नं. | योजनाको नाम | सम्झौता रकम | एकतिहाई रकम | पेश्की दिएको | बढी रकम |
|---|---|---|---|---|---|
| १ | सडक ग्राभेल उपभोक्ता समिति "ग" पिपलाडी | ४,८०,०००/- | १,५८,०००/- | १,६९,०००/- | ११,०००/- |
| २ | सडक ग्राभेल उपभोक्ता समिति "क" राजपुर | २१,२४,०००/- | ७,००,०००/- | ९,००,०००/- | २,००,०००/- |
| ३ | रानीपुर उपभोक्ता समिति "क" राजपुर | ११,५०,०००/- | ३,७९,५००/- | ६,००,०००/- | २,२०,५००/- |

| | | | | | |
|---|---|---|---|---|---|
| | जम्मा | | | | ४,३१,५००/- |

५८. **सञ्चालन खर्च :–** नेपाल सरकारले उपलब्ध गराएको वित्तीय समानीकरण पूँजीगतको बजेटबाट चालु प्रकृतिका खर्चहरु गर्न मिल्ने कानूनी आधार देखिदैन । त्यसैगरि नगरपालिकाको स्वामित्वमा रहेको बाहेकका कुनै पनि संस्थाको कार्य सञ्चालनसँग सम्बन्धित खर्च गर्नसमेत मिल्दैन । सूर्यज्योती कृषि सहकारी संस्था लिमिटेडको उन्नत बिउबिजन वितरण, बिउ पूँजीकोष निर्माण, बिउ भण्डारण मर्मत र घेरावार कार्यको लागि बजेट रु. ३,००,०००।००, झलारी पिपलाडी उद्योग वाणिज्य संघको भौतिक पूर्वाधार सुधार कार्यक्रमको लागि रु. ७०,०००।०० र बैजनाथ महिला वहुउद्देश्यीय सहकारी संस्थालाई रु. ७०,०००।०० व्यवस्थापन अनुदान खर्च लेखेको पाईयो । नगरपालिकाको स्वामित्वमा नरहेका ती संस्थाहरुको कार्य सञ्चालन सम्बन्धी कार्यमा दिएको अनुदान अनियमित देखिएको छ । ४,४०,०००।००

५९. **गो. भौ. नं. ७२।२०७४।६।२७**

**स्थायी लेखा नम्बर** :– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा स्थायी लेखा नम्वर भएको कर विजक लिई भुक्तानी गर्नुपर्ने व्यवस्था छ। वडा नं. १० को थारु साँस्कृतिक समाज समितिलाई स्पोर्टस सेन्टर, कञ्चनपुरको बिल नं. २१९९ मिति २०७४।६।११ को रु. २८,०००।०० भुक्तानी दिएकोमा उक्त कर विजकमा स्थायी लेखा नम्बर उल्लेख नभएकोले भुक्तानी भएको रकम असुल हुनुपर्दछ । २८,०००।००

**व.उ.शी.नं. वित्तीय समानीकरण अनुदान शिक्षा तर्फ**

६०. यस गाउँपालिका अन्तर्गत माध्यमिक विद्यालय १३ र आधारभूत विद्यालय १९ समेत ३२ विद्यालयहरुमा कार्यरत शिक्षकहरु दरवन्दी प्रमाणित हुने आधारभूत कागजातहरु पेश हुन नआएको तथा विद्यालयगत निकासा खाता नराखेकोले विद्यालयहरुलाई निकासा भएको रकम यकिन गर्ने आधार देखिएन । कार्यालयले कार्यरत शिक्षकको दरवन्दी प्रमाणित हुने आधारभूत कागजातहरु राख्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :–

६०.१ **गो. भौ. नं. ९।२०७४।८।६**

**बढी निकासा :–** सरकारी सेवामा कार्यरत रहेको अवधिसम्मको मात्र तलब भत्ता पाउने व्यवस्था छ। कालिका माध्यमिक विद्यालय, असैनाका शिक्षकद्वयको मृत्यु पश्चातको पनि तलब भत्ता निकासा दिएको पाईयो । उक्त विद्यालयलाई बढी निकासा दिएको रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ । ९८,०१९।००

| सि. नं. | नाम | मृत्यु मिति | निकासा अवधि | बढी अवधि | बढी रकम |
|---|---|---|---|---|---|
| १ | प्र. अ. श्री प्रेम बहादुर चन्द | २०७४/९/४ | २०७४ माघ मसान्त | १ महिना २६ दिन | ५७,८५७/७० |
| २ | शिक्षक श्री हर्क बहादुर सेठी | २०७४/९/९ | २०७४ माघ मसान्त | १ महिना २१ दिन | ४०,१६१/३० |
| | जम्मा | | | | ९८,०१९/- |

६०.२ **पारिश्रमिक आयकर :–** करयोग्य आय भएका कर्मचारी तथा शिक्षकको पारिश्रमिक कर आयकर ऐन, २०५८ को दफा ८७ को अनुसुची १ बमोजिम कर गणना गरी पारिश्रमिक अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । दोहायका विद्यालयका शिक्षकहरुको वार्षिक पारिश्रमिक करयोग्य देखिएकोले कर असुल गरी संघीय सञ्चित कोष दाखिला दाखिला हुनुपर्दछ । १,०९,५४०।००

| सि. नं. | शिक्षकको नाम | वार्षिक आय रकम | वार्षिक छुट पाउने रकम | कर योग्य रकम | कर रकम |
|---|---|---|---|---|---|
| १ | श्री कृष्णप्रसाद पन्त | ४,९२,५२६/- | ४,४६,२०२/४० | ४६,३२३/६० | ६,९५०/- |
| २ | श्री विरेन्द्रप्रसाद भट्ट | ४,८६,५२६/- | ४,४६,२०२/४० | ४०,३२३/६० | ६,०५०/- |
| ३ | श्री हिराप्रसाद पन्त | ४,६४,३६०/- | ४,००,०००/- | ६४,३६०/- | ९,६५४/- |
| ४ | श्री सुरेन्द्र बहादुर मल्ल | ४,६४,३६०/- | ४,००,०००/- | ६४,३६०/- | ९,६५४/- |
| ५ | श्री उमेश कुमार भट्ट | ४,६४,३६०/- | ४,००,०००/- | ६४,३६०/- | ९,६५४/- |
| ६ | श्री हेमा कुमारी भट्ट | ४,६४,३६०/- | ४,००,०००/- | ६४,३६०/- | ९,६५४/- |
| ७ | श्री दान बहादुर भण्डारी | ४,६४,३६०/- | ४,००,०००/- | ६४,३६०/- | ९,६५४/- |
| ८ | श्री गणेश बहादुर ऐर | ४,६४,३६०/- | ४,००,०००/- | ६४,३६०/- | ९,६५४/- |
| ९ | श्री टेक बहादुर ऐर | ४,६४,३६०/- | ४,००,०००/- | ६४,३६०/- | ९,६५४/- |
| १० | श्री विष्णुदत्त जोशी | ४,६४,३६०/- | ४,००,०००/- | ६४,३६०/- | ९,६५४/- |
| ११ | श्री दिपेन्द्र प्रसाद जोशी | ४,६४,३६०/- | ४,००,०००/- | ६४,३६०/- | ९,६५४/- |
| १२ | श्री जगदीश प्रसाद अवस्थी | ४,६४,३६०/- | ४,००,०००/- | ६४,३६०/- | ९,६५४/- |
| | जम्मा | | | | १,०९,५४०/- |

**व.उ.शी.नं. सशर्त अनुदान स्वास्थ्य तर्फ**

६१. झलारी स्वास्थ्य चौकी, पिपलाडी स्वास्थ्य चौकी र पिताम्वर स्वास्थ्य चौकीको औषधिको जिन्सी खाता परिक्षण गर्दा देखिएका व्यहोराहरु यस प्रकार रहेका छन् :–

६१.१ स्वास्थ्य सेवा विभागले तोकिदिएअनुसारको Authorized Stock Level र EOP Emergency Order Point अनुसारको औषधिहरु स्टक खुलाई राख्नुपर्नेमा सो अनुसार खुलाई नराखेको र Emergency Order Point भएपछि औषधीहरु माग गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन । स्वास्थ्य सेवा विभागले तोकिदिएअनुसार गर्न गराउन कार्यालयले ध्यान दिनुपर्दछ । परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नअनुसार छन् :–

| सि.नं. | औषधीको नाम | ASL | EOP | कैफियत देखिएका व्यहोराहरु |
|---|---|---|---|---|
| | **झलारी स्वास्थ्य चौकीतर्फ** | | | |
| १. | डिपो | ३५० | ७० | मिति २०७४।१२।३० देखि २०७५।२।१० सम्म १० भाईलमात्र मौज्दात रहेको । |
| २. | भिटामिन बि कम्प्लेक्स | २२,५०० | ४,५०० | आ. व. २०७४।७५ भरी नै ASL लेभलमा औषधी नरहेको । मिति २०७४।४।२९ देखि २०७४।११।२९ सम्म शुन्य मौज्दात रहेको । |
| ३. | पारासिटामोल १२५ एम जि | ३५० | ७० | मिति २०७४।४।१ देखि २०७५।२।५ सम्म ASL लेभलमा औषधी नरहेको । |
| ४. | एमोक्सोसिलिन ५०० एम जि | ५,००० | १,००० | मिति २०७५ असार मसान्तमा शुन्य मौज्दात रहेको र वर्षभरी नै ASL लेभलमा औषधी नरहेको । |
| ५. | मेट्रोनिडाजोल ४०० एम जि | ७,५०० | १,५०० | मिति २०७४।९।३० देखि २०७५।३ मसान्तसम्म ASL लेभलमा औषधी नरहेको |
| ६. | पारासिटामोल ५०० एम जि | २०,००० | ४,००० | आ. व. २०७४।७५ को वर्षभरी नै ASL लेभलमा औषधी नरहेको । |
| ७. | सालबुटामोल ४ एम जि | ७,५०० | १,५०० | आ. व. २०७४।७५ को वर्षभरी नै ASL लेभलमा औषधी नरहेको । |
| ८. | आईरन चक्की ६० एम जि | २०,५०० | ४,१०० | मिति २०७४।४।१ देखि २०७५।२।१७ सम्म ASL लेभलमा नरहेको । २०७४।१२।३० देखि २०७५।३।२७ सम्म ५०० ट्यावलेटमात्र मौज्दात रहेको । |
| | **पिपलाडी स्वास्थ्य चौकीतर्फ** | | | |
| १. | डिपो | ४४० | ८८ | आ. व. २०७४।७५ को वर्षभरी नै ASL लेभलमा औषधी नरहेको । |
| २. | पिल्स | ६३५ | १२७ | आ. व. २०७४।७५ को वर्षभरी नै ASL लेभलमा औषधी नरहेको । |
| ३. | जीवन जल ओ आर एस | ३,७९० | ७५८ | आ. व. २०७४।७५ को वर्षभरी नै ASL लेभलमा औषधी नरहेको । मिति २०७४।५।६ देखि २०७४।९।२९ सम्म शुन्य मौज्दात रहेको । |
| ४. | जिङ्क सल्फेट | ९,०६५ | १,८१३ | आ. व. २०७४।७५ को वर्षभरी नै ASL लेभलमा औषधी नरहेको । |
| ५. | अबलेण्डाजोल ४०० एम जि | ४,८३५ | ९६७ | आ. व. २०७४।७५ को वर्षभरी नै ASL लेभलमा औषधी नरहेको । |
| ६. | आईरन चक्की ६० एम जि | २८,३८५ | ५,६७७ | आ. व. २०७४।७५ को वर्षभरी नै ASL लेभलमा औषधी नरहेको । |
| ७. | एमोक्सोसिलिन ५०० एम जि | ५,००० | १,००० | आ. व. २०७४।७५ को वर्षभरी नै ASL लेभलमा औषधी नरहेको । मिति २०७४।५।३० देखि २०७४।९।२९ सम्म शुन्य मौज्दात रहेको । |
| ८. | मेट्रोनिडाजोल ४०० एम जि | ५,००० | १,००० | आ. व. २०७४।७५ को वर्षभरी नै ASL लेभलमा औषधी नरहेको । |
| ९. | पारासिटामोल ५०० एम जि | २४,५०० | ४,९०० | आ. व. २०७४।७५ को वर्षभरी नै ASL लेभलमा औषधी नरहेको । मिति २०७४।५।१२ देखि २०७४।९।२९ सम्म शुन्य मौज्दात रहेको । |
| १०. | भिटामिन बि कम्प्लेक्स | ९,९६० | १,९९२ | आ. व. २०७४।७५ भरी नै ASL लेभलमा औषधी नरहेको । मिति २०७४।५।१२ देखि २०७४।११।२९ सम्म शुन्य मौज्दात रहेको । |
| ११. | पारासिटामोल १२५ एम जि | २४० | ४८ | मिति २०७४।४।१ देखि २०७४।९।२९ सम्म शुन्य मौज्दात रहेको र २०७४।९।२९ देखि २०७५।२।१७ सम्म ASL लेभलमा औषधी नरहेको । |
| | **पिताम्वर स्वास्थ्य चौकीतर्फ** | | | |
| १. | एमोक्सोसिलिन ५०० एम जि | १,७८५ | ३१७ | मिति २०७५।२।२ देखि २०७५।४।३१ सम्म शुन्य मौज्दात रहेको । |
| २. | पारासिटामोल ५०० एम जि | ११,८३५ | २,३६७ | मिति २०७५।७।२८ देखि २०७५।८।२ सम्म शुन्य मौज्दात रहेको । आ. व. २०७४।७५ को वर्षभरी नै ASL लेभलमा औषधी नरहेको । |

६२. **औषधिको म्याद नाघेको :–** नेपाल सरकारबाट निःशुल्क वितरणकोलागि प्राप्त औषधिहरु तोकिएको म्यादभित्र नै वितरण गर्नुपर्दछ । लेखापरीक्षणको क्रममा स्वास्थ्य चौकीहरुको

स्थलगत निरीक्षण गर्दा Metronidazole Oral Suspension 200 mg 60 ml को पिताम्वर स्वास्थ्य चौकीमा १५० भाईल र पिपलाडी स्वास्थ्य चौकीमा ६२ भाईल २०७५ कार्तिक महिना देखि म्याद नाघेको भेटिएको छ। नेपाल सरकारबाट निःशुल्क वितरण गर्न प्राप्त औषधीहरु म्यादभित्रै वितरण गर्नुपर्दछ।

**व.उ.शी.नं. समाजिक सुरक्षा तर्फ**

६३. **सामाजिक सुरक्षा** :– सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ परिच्छेद २ को नियम ९ मा नगरपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको अनुसुची ५ बमोजिमको मुल अभिलेख अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था रहेको छ। नगरपालिकाले १२ वडामध्ये वडा नं. १२ ले कार्यालयमा फोटोसहितको अनुसूची ५ बमोजिमको मुल अभिलेख अद्यावधिक गरी राखेको र अरु ११ वटा वडाहरुले राखेको पाइएन। मुल अभिलेख अद्यावधिक नहुँदा सामाजिक सुरक्षा भत्ता वितरणको भएको संख्या र विवरण यकिन गर्न सकिएन। कार्यालयले मुल अभिलेख तयार गरी वितरण गरेको भत्ता आवश्यक छानविन गरी यकिन गर्नुपर्दछ।

६४. **लगत कट्टा** :– सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ परिच्छेद २ को नियम ११ मा लाभग्राहीको नाम सम्बधित नगरपालिकाको मुल अभिलेखबाट लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित नगरपालिकाका जिम्मेवार पदाधिकारीले प्रमाणित गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले मुल अभिलेखबाट लगत कट्टा गरेको पाइएन। नियममा भएको व्यवस्था अनुसार नगरपालिकाले लगत कट्टा गर्नुपर्दछ।

**व.उ.शी.नं. वित्तीय समानिकरण चालुतर्फ**

६५. **भ्रमण खर्च** :– भ्रमण खर्च नियमावली, २०६४ को नियम (३) मा भ्रमण आदेश वा निर्णय विना भ्रमण खर्च गर्ने गरी भ्रमण गर्न वा काजमा जान नपाउने व्यवस्था छ। निम्न कर्मचारीको भ्रमण आदेश स्वीकृत नगरी खर्च लेखिएको हुँदा उक्त रकम असुल गर्नुपर्दछ। ८,२५०।००

| नाम | दर्जा | भ्रमण मिति | खर्च रकम |
|---|---|---|---|
| श्री गजेन्द्र प्रसाद जोशी | लेखापाल | २०७५।२।१देखि २।४ | ३,९००।०० |
| श्री प्रमानन्द भट्ट | कार्यालय सहयोगी | २०७५।३।१४ देखि ३।१८ | ४,३५०।०० |
| | जम्मा | | ८,२५०।०० |

६६. **गो. भौ. नं. २/२०७४/५/३०**

**नपाउने सुविधा** :– राष्ट्रिय योजना आयोगबाट स्वयम सेवकको रुपमा खटिएका कर्मचारीलाई अख्तियारीमा तोकिएको भन्दा बढी सुविधा भुक्तानी गर्न नमिल्नेमा ना.प्र.स. श्री मिना कुमारी भण्डारीलाई यस बजेट शीर्षकबाट भत्ता भुक्तानी भएकोले असुल हुनुपर्दछ। २१,१२०।००

**महिला विकास तर्फ :**

६७. **कार्यपत्र बेगरको खर्च** :– समूह गठन र महिला सशक्तिकरण अन्तर्गत सञ्चालित कार्यक्रममा महिला तथा बालवालिका विभागले तोकेको दरमा कार्यक्रम संचालन गरी कार्यपत्रसमेत राखी खर्च लेख्नुपर्दछ। निम्न पदाधिकारी तथा कर्मचारीलाई २०७४।७।६ देखि २०७४।७।१२ सम्म सञ्चालन भएको तालिम कार्यक्रममा कार्यपत्र पेश नगरी कार्यपत्रको रकमसमेत भुक्तानी दिएको छ। २४,३००।००

| क्र. स. | नाम | रकम |
|---|---|---|
| १ | श्री दिल बहादुर ऐर | ८००।०० |
| २ | श्री शेर बहादुर बुढा | १,६००।०० |
| ३ | श्री लालमणि जोशी | १,६००।०० |
| ४ | श्री दिलिप सिंह साउद | १,५००।०० |
| ५ | श्री डम्बररापन्त | ७,५००।०० |
| ६ | श्री राधिका पन्त | २,५००।०० |
| ६ | श्री कुन्ती जोशी | ८,८००।०० |
| | जम्मा | २४,३००।०० |

६८. **बिउपूजी चालुकोष** :– चालुकोष स्थापना तथा बिउपुँजी परिचालन निर्देशिका नं. ३.३१ अनुसार संस्थासंग भएको सम्झौता अवधि तथा नवीकरण भएको अवस्थामा सो अवधिसमेत समाप्त भएमा र सम्झौता रद्ध भएमध्ये कुनै एक अवस्थामा संस्थाले कार्यालयलाई अनिवार्य रुपमा सो अवधि समाप्त भएको मितिले २ महिनाभित्र २ प्रतिशत व्याजसहितको बिउपुँजी फिर्ता गर्नुपर्ने तथा निर्देशिकाको नं. ३.३२ बमोजिम अवधि समाप्त भएपछि पनि संस्थाले कार्यालयलाई विउपुँजी फिर्ता नगरेमा उक्त रकम सरकारी बाँकी सरह असुल गर्नुपर्ने व्यवस्था छ। महिला तथा बालवालिका कार्यालय खारेज भएको अवस्थामा २०७२।०१।५ मा

लगानी भएको श्री विजय एकता महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि.को रु १,००,०००।०० ब्याज रु. २,०००।०० र श्री वैजनाथ महिला बहुउद्देश्यीय सहकारी संस्थाको रु. १,००,०००।०० लेखापरीक्षण अवधिसम्म उठन बाँकी रहेको ब्याज रु. २,०००।०० समेत नियमानुसार फिर्ता हुनु पर्दछ । २,०४,०००।००

६९. **गो. भौ. नं. ४८४।२०७४।१२।२१**

**छाडा चौपाया :–** नगरपालिकाबाट यस वर्ष छाडा चौपाया व्यवस्थापन गर्न कनकासुन्दरी गाँउपालिका जुम्ला पुऱ्याएको भनी खर्च लेखेकोमा जुम्ला पुऱ्याई संरक्षण भएको प्रमाण, तराईका पशुहरुलाई पहाड एवं हिमालमा उपयुक्त हावापानी समेत नहुने, कुनै अवस्थाको मुल्याङकन नै नगरी जुम्ला सदरमुकामबाट ८ घण्टाको गाडीको दुरीमा पुगिने कनकासुन्दरीमा पुऱ्याएको मान्न नसकिएकोले खर्च अनियमित देखिएको छ । ८,५०,०००।००

७०. **गो. भौ. नं. ३९६।२०७४।१२।२**

**फोटोकपी बिल**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा यस नियमावली अनुसार खर्च गर्दा खर्चको बिल भरपाईसहित लेखा राख्नुपर्ने उल्लेख छ । महाकाली सेती भेटनरी मेडिकल स्टोरको फोटोकपी बिलबाट खर्च लेखेको रकम खर्च लेख्ने कर्मचारीलाई जिम्मेवार बनाई असुल हुनुपर्दछ । ९८,३२०।००

**नगरक्षेत्र पूर्वाधार विकास कार्यक्रमतर्फ**

७१. **गोश्वारा भौचर नम्बर ८।०७४।७१**

ठेक्का नम्बर २१।०७३।७४ को कलुवापुर लोहार सडक निर्माणको निर्माण व्यवसायी श्रीपुर बिल्डर्सलाई सडक कालोपत्रेको ९५९९५७६० को अन्तिम बिल भुक्तानी गर्दा ल्याब टेष्ट गरेको प्रमाण सोबगरनै रु.१५८२०।०० भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

१५,८२०।००

७२. **गुणस्तर परीक्षण :–** सडक कालोपत्रे गर्दा प्रयोग हुने सब बेश, बिटुमिन जस्ता निर्माण सामग्रीको अनिवार्य रुपमा गुणस्तर परीक्षण गराउनु पर्ने प्रावधान छ । कार्यालयले सडक कालोपत्रे गरेबापत यो वर्ष निम्न निर्माण व्यवसायीहरुलाई भुक्तानी गर्दा गुणस्तर परीक्षण गराएको देखिएन । सम्झौतामा अनिवार्य रुपमा गुणस्तर परीक्षण गराउनुपर्ने प्रावधान राखे तापनि केही निर्माण व्यवसायीले जिल्ला प्राविधिक कार्यालयको ल्याबमा सब बेशको मात्र परीक्षण गराएको र धेरै जसो निर्माण व्यवसायीले निर्माण कार्यको ल्याब टेष्ट नै गराएको देखिएन । ल्याब टेष्टबेगर गुणस्तरीय काम भए नभएको यकिन गर्ने आधार भएन । सम्बन्धित प्राविधिकलाई जिम्मेवार बनाई गुणस्तर यकिन गरेर मात्र योजना फरफारक गर्ने व्यवस्था गर्नुपर्दछ । गुणस्तर परीक्षण नगरी भुक्तानी भएका केही उदाहण निम्नअनुसार छ ।

| ठेक्का नम्बर | योजनाको नाम | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| २१/०७३/७४ | कलुवापुर लोहार सडक बन्साह सडक कालोपत्रे | श्रीपुर बिल्डर्स प्रा.लि. | १२१२३०९/- |
| १०/०७३/७४ | कलुवापुर लोहार सडक सडक कालोपत्रे | एम डि ग्रुप | ३१८४१३६/४२ |
| ९/०७३/७४ | झलारी बजार कालिका मा वि सडक कालेपत्रे | एम डि ग्रुप | ३४४८९३९/९६ |
| १७/०७४/७५ | सरस्वती स्कुलदेखि उत्तर बेलडाडी चोक | श्रीपुर बिल्डर्स प्रा.लि. | १६६३९४६/१० |

**सडक बोर्डतर्फ**

७३. **गोश्वारा भौचर नं २।०७४।४।३**

**गत वर्षको भुक्तानी :–** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) मा चालू वर्षको बजेटले नखामेमा भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गराई राख्नुपर्ने प्रावधान छ । भुक्तानी दिन बाँकीको कच्चावारीबेगर निर्माण व्यवसायी सित्तडी कन्स्ट्रक्सनलाई देहायको योजनाको भुक्तानी दिएकोले अनियमित देखिएको छ । २६९१६१२।००

| ठेक्का नम्बर | योजनाको नाम | भुक्तानी रकम | बीजक नं/मिति |
|---|---|---|---|
| १३/०७३/७४ | कसरौल स्कुलदेखि सिमलफँटा ग्राभेल | ७६०१८०/- | १६/७४/३/३० |
| १४/०७३/७४ | भोरकुण्ड मूली चौराहा ग्राभेल | ४५५२५८/- | १७/७४/३/३० |
| १५/०७३/७४ | दशरथ प्रा.वि.देखि लामीखल्न सडक | ७०१८८८/- | १८/७४/३/३० |
| १६/०७३/७४ | गजुमुनी पल्लाफँटा सडक ग्राभेल | ७७४२८६/- | १९/७४/३/३० |

७४. **बोर्डिङ पास :–** दैनिक भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण खर्च भुक्तानी गर्दा प्लेन टिकटको साथमा बोर्डिङ पास पेश गर्नुपर्ने व्यवस्था छ । लेखापाल श्री गजेन्द्र जोशीलाई काठमाडौं जादा आउदाको देनिक भत्ता तथा भ्रमण खर्च भुक्तानी दिएकोमा बोर्डिङ पास संलग्न नभएकोले अनियमित देखिएको छ । २००००।००

**आन्तरिक कोषतर्फः**

७५. **कर्मचारी सुविधा :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा स्थानीय सेवाको शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुनबमोजिम हुने तथा दफा ८८ मा स्थानीय सेवाका कर्मचारीको शुरु तलब स्केल प्रदेश सरकारले तोकेबमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोकेबमोजिम हुने व्यवस्था छ । नगरपालिकामा कार्यरत कर्मचारीलाई मासिक तलबमा भत्तासमेत निश्चित प्रतिशतले आन्तरिक कोषको चालू शीर्षकबाट भुक्तानी गर्ने गरेको पाइएकोले उक्त सुविधा संघीय कानुनको सिद्धान्त र मापदण्ड अनुकुल नदेखिएकोले २०७४।७५ मा गरेको उक्त खर्च अनियमित देखिएको छ । ९७५२७०।००

७६. **पेश्की :–** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७७ को उप नियम (३) मा उपनियम (२) बमोजिम दिएको पेश्की रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । फछ्र्यौट हुन बाँकी पेश्की नियमानुसार फछ्र्यौट हुनुपर्दछ । ४,९३,०४,९४०।-

| सि.नं. | पेश्की दिएको मिति | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|---|
| | | व.उ.शी.नं. सामाजिक सुरक्षातर्फ | |
| १ | २०७५/३/१७ | कुमारी बैंक, झलारी शाखा | २,६१,८६,७७०/- |
| २ | २०७५/२/२९ | कञ्चन विकास बैंक | २,१०,१५,१७०/- |
| | | व.उ.शी.नं. वित्तीय समानिकरणतर्फ | |
| ३ | २०७५/३/१४ | श्री शिवराज पनेरु | १८,०००/- |
| ४ | २०७४/१२/१३ | महादेव डिप बोरिङ | १,८०,०००/- |
| ५ | २०७५/२/२० | अस्मिता विल्डर्स कन्स्ट्रक्सन | ९,००,०००/- |
| ६ | २०७५/२/२८ | शुक्लाफाँटा नगर विकास | २,००,०००/- |
| ७ | २०७४/११/२० | नेपाल राष्ट्रिय समाज कल्याण | ७५,०००/- |
| ८ | २०७५/१/३ | पञ्चकोटी मणिकाधाम विद्यालय | २,००,०००/- |
| ९ | २०७५/३/२० | पिताम्वर स्वास्थ्य चौकी | ५,००,०००/- |
| | | व.उ.शी.नं. आन्तरिक चालु खर्चतर्फ | |
| १० | २०७४/१२/१२ | श्री जीवन बहादुर धामी | ३०,०००/- |
| | | कुल जम्मा | ४,९३,०४,९४०.०० |

७७. **आन्तरिक लेखापरीक्षण :–** आर्थिक कार्यविधि नियमावलीको नियम ९६.३ मा आन्तरिक लेखापरीक्षणबाट निस्केको बेरुजू अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडिनै नियमित गराउनुपर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुल उपर गरी बेरुजू लगत कट्टा गराउनुपर्ने प्रावधान छ । कार्यालयले आन्तरिक लेखापरीक्षणबाट कायम भएको देहायका बेरुजु लेखापरीक्षणको अवधीसम्म असुल फछ्र्यौट गरेको नदेखिएकोले असुल फछ्र्यौट गर्नु पर्दछ रु. २६८२९०।००

७७.१ कार्यकारी अधिकृत श्री शेर बहादुर बुढाले २०७४।०५।२० देखि २०७४।०५।२६ सम्म धनगढीबाट काठमाडौं जांदा रु. ९,१००।० प्लेन टिकट खर्च भुक्तानी लिएकोमा बोर्डिङ पास संलग्न नभएकोले नियमित नदेखिएको रु. ९,१००।००

७७.२ बैठक भत्ता वितरण वापत वडाध्यक्ष श्री परमानन्द भट्ट र वडा सचिव श्री कृष्ण बहादुर कार्कीले भुक्तानी लिएको रु. ३८,५००।०० मध्ये रु. ३२,७२५।०० को भरपाई नरहेकोले असुल गर्नुपर्ने रु. ३२,७२५।००

८२.३ पदाधिकारी बैठक भत्ताबाट भुक्तानी भएको रकममध्ये वडाध्यक्ष श्री दिल बहादुर बुढाले वडा नं. ११ को कार्तिक महिनाको ७, १४ र २३ गते बसेको बैठकको माइन्युटमा उपस्थितिमा हस्ताक्षर नभई भत्ता रकम बुझेकोले असुल गर्नुपर्ने रु. १,५००।००

७७.४ सुपरभाइजर श्री बसन्ती बिष्टको निवेदनमा नगरप्रमुखबाट रु. ४,०००।०० भुक्तानी दिने तोक आदेश भएकोमा निजलाइ रु. ६,०००।०० भुक्तानी भएकोमा बढी भुक्तानी असुल हुनुपर्ने रु. २,०००।००

७७.५ खरिदार श्री राजेन्द्र बहादुर सिंहलाइ बैठक भत्ता बितरण बापत रु. १,८१,३००।०० भुक्तानी भएकोमा सो रकम बरावरको बिल भर्पाइहरु संलग्न नरहेकोले बिल भर्पाइ पेश गर्नुपर्ने रु. १,८१,३००।००

७७.६ श्री सरस्वती मा.वि. भवन निर्माण उ.स.लाई रु. ३,००,०००।०० भुक्तानी भएकोमा सम्झौतामा लागत व्यहोर्ने श्रोतहरुमा विभिन्न श्रोतहरुबाट रु. ३२,००,०००।०० व्यहोर्ने गरी सम्झौता भएको पाइयो । उक्त विवरणमा श्रोतहरुको रकम महलमा केरमेट गरिएको समेत देखियो । यसरी श्रोतहरुको ऋयलतचष्दगतष्यल यकिन नहुंदा mगउष्ष्बितष्यल हुन सक्ने भएकोले सम्झौता कागज प्रति सम्बेदनशील हुनुपर्दछ ।

७७.७ गो. भौ. नं. ७४४।२०७५।३।१२ बाट वडा नं. ६ सडक ग्राभेल तथा तटबन्ध उपभोक्ता समितिलाइ रु. ४,७९,८२७।०० सडक ग्राभेलको अन्तिम बिल भुक्तानी भएकोमा उक्त समितिलाइ गो. भौ. नं. ६८७ बाट रु. १२,९८,८३८।०० गरी जम्मा रु. १७,७८,६६५।०० भुक्तानी भएकोमा सम्झौता अनुसार रु. १८,००,०००।०० को ३ प्रतिशत कन्टीजेन्सी घटाई हुन आउने रु. १७,४६,०००।०० मात्र भुक्तानी दिनुपर्नेमा रु. १७,७८,६६५।०० भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी भएकोले असुल गर्नुपर्ने रु. ३२,६६५।००

७७.८ नगरपालिकाको वृतचित्र तयार गरेवापत सुदुरपश्चिम कलाकार संगम मञ्चलाई रु. ३,००,०००।०० भुक्तानी भएकोमा फर्मको आधिकारिक बिल संलग्न नरहेको तथा गाडी भाडाबापत रु. ९०,०००।०० को भरपाई संलग्न रहेकोले रु. ९,०००।०० बहाल कर असुल गर्नुपर्ने रु. ९,०००।००

७७.९ वडा नं १२ सडक ग्राभेल उ.स. लाई रु. १,०५,७३०।० भुक्तानी भएकोमा सार्वजनिक लेखापरिक्षण गरेको कागजात संलग्न नरहेको मा उ.स.लाई अन्तिम बिल भुक्तानी गर्दा सार्वजनिक लेखापरिक्षण रिपोर्ट गर्नुपर्दछ ।

७७.१० नगरपालिकाले तय गरेको लक्ष्य, निर्धारण गरेको नीति तथा प्राथमिकताको क्षेत्रहरु, नगरसभाका निर्णयहरु, पारित बजेट विवरण, योजना तथा कार्यक्रम विवरण, भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन, योजना तर्जुमा र अवलम्वन गरेको प्रक्रियाहरु जस्ता सुशासनको औजारहरु समावेश गरी वार्षिक प्रगति प्रतिवेदन तयार गर्नुपर्ने र नगरपालिकाले सम्पादन गर्ने कार्य मितव्ययी, प्रभावकारी, नियमितता कार्यदक्षता अभिवृद्धि गर्न, भौतिक तथा वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वय गर्नुपर्दछ ।

७७.११ आर्थिक वर्ष २०७४।०७५ मा संचालित योजनाहरुमध्ये सम्पन्न र क्रमागतमा तथा उपभोक्ताहरुलाई हस्तान्तरण भएका योजनाको विवरण तयार गर्नुपर्दछ ।

७७.१३ सवारी साधनको समुचित उपयोग र नियन्त्रणको लागि लगबुक तथा मर्मत अभिलेख फाराम म.ले.प.फा.नं. २ अनिवार्य रुपमा राख्नुपर्दछ ।

७८. **वित्तीय जवाफदेहिता :–** कार्यालयको आन्तरिक व्यवस्थापन, खरिद व्यवस्थापन, वित्तीय व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीलगायत विषयमा तयार गरिएको वित्तीय जवाफदेहिता सुचकका आधारमा मुल्यांकन गर्दा यो नगरपालिका "सी" ग्रेडिङ्गमा परेकोले वित्तीय जवाफदेहिता प्रर्वद्धन गर्न विशेष ध्यान दिनुपर्ने देखिएको छ ।

७९. **बेरुजू :–** नगरपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु. ३९ लाख ५३ हजार, अनियमित बेरुजू रु. ९३ लाख ४५ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु. ३६ लाख ८४ हजार र पेश्की बाँकी देखिएको रु. ५ करोड ८ लाख ४१ हजारसमेत रु. ६ करोड ७८ लाख २३ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट रु. २३ लाख ९९ हजार फछ्र्यौट भई रु. ६ करोड ५४ लाख २४ हजार बेरुजू कायम भएको छ ।

८०. **अनुगमन तथा मूल्याङ्कन :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :

| गत वर्षको बेरुजु रकम (इ) | यो वर्ष फछ्र्यौट (च) | बाँकी (छ= इ-च) |
|---|---|---|
| ३६,९३,०००/- | १४,१५,०००।०० | २२,७८,०००/- |

८१. **बेरुजु तथा सम्परीक्षण स्थिति :–** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९९ बमोजिम अन्तिम लेखापरीक्षणबाट कायम भएको बेरुजु असुल फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट पेश भएको विवरण अनुसार आर्थिक वर्ष २०७४।७५ सम्मको बेरुजु रु. ३६,९३,०००।०० बाँकी रहेकोमध्ये लेखापरीक्षणको क्रममा देहायको आर्थिक वर्षको बेरुजु रु. १४,१५,१६८।०० सम्परीक्षण भएको छ । बाँकी बेरुजू रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने देखिन्छ ।

| आ. व. | दफा नं. | फछ्र्यौटको व्यहोरा | फछ्र्यौट रकम |
|---|---|---|---|
| २०७३/७४ | ४ | एम. डि. ग्रुपको पेश्की फछ्र्यौट | ५,१०,०००/- |
| २०७३/७४ | ४ | पञ्चकोटी निर्माण सेवा | ३,६०,०००/- |
| २०७३/७४ | ४ | जय बैजनाथ बाबा कन्स्ट्रक्सन | ४,६०,०००/- |
| २०७३/७४ | ४ | खरिदार श्री राजेन्द्र बहादुर सिंह | ७०,०००/- |
| २०७३/७४ | ९.२ | ईकोड नेपाल प्रा. लि. को अग्रिम कर दाखिला | ३,२८५/- |
| २०७३/७४ | ९.३ | भूमिराज केदार कन्स्ट्रक्सनको बढी भुक्तानी असुल | ११,८८३/- |
| | | जम्मा | १४,१५,१६८/- |

८२. **<u>अद्यावधिक बेरुजु स्थिति</u> :–** शुक्लाफाँटा नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (अ) | यो वर्षको सं प.बाट कायम बेरुजु (ङ) | यो वर्षको कायम बेरुजु (इ) | बाँकी (ङ ऋईम्) |
|---|---|---|---|
| २२,७८,०००/- | - | ६,५४,२३,५७५/४५ | ६,७७,०१,५७५/४५ |

उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण असुल फछ्र्यौट गरिनुपर्दछ।

**अनुसूची– १**

## शुक्लाफाँटा नगरपालिकाको बेरुजू वर्गीकरण
## २०७४।७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | रकम | सैदान्तिक | लगती | रकम | सैदान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियामित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | कञ्चनपुर | शुक्लाफाँटा नगरपालिक | ५७ | ४० | ६७८२३ | - | ६ | २३९९ | ५७ | ३४ | ६५४२४ | ३९५३ | ९३४५ | २८२१ | - | - | १२१६६ | ४८ | ४९२५७ | ४९३०५ |

**अनुसूची- २**

## स्थानीय तह सञ्चित कोष विवरण
## २०७४।७५

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | शुक्लाफाँटा नगरपालिका | कञ्चनपुर | २२५१२ | २४७७७४ | १९३६३० | १३७८८ | ४५५१९२ | २२९२८० | २१००२६ | ७५८ | ४४००६४ | ३७६४० |